नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com


NITCO
TILES MARBLE MOSAICO

Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज ०९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५

### ॐ श्रीहनुमान वृद्धाश्रमको साधारणसभा सम्पन्न

## वृद्धाश्रम निर्माणमा भूमिसुधार कार्यालयको ढिलासुस्ती

प्रस, वीरगंज, ८ असोज/

ॐ श्रीहनुमान वृद्धाश्रमको सातौं साधारणसभा तथा संरक्षण परिषद्को बैठक सम्पन्न भएको छ ।






टिबडेवाला धर्मशालामा आयोजित कार्यक्रमको उद्घाटन अध्यक्ष मुर्लिधर रूङ्टाले गरे । सो अवसरमा उनले आफू अध्यक्ष भएको बेलामैं वृद्धाश्रम निर्माण होस् भन्ने अभिप्राय राखी काम गर्दै आए पनि भूमिसुधारमा प्रमुखको नियमितता नहुँदा मोहीसम्बन्धी कामको छिनोफानो हुन नसकेर समस्या ज्यूँका त्यूँ रहेको बताए ।

स्वागत मन्तव्य व्यक्त गर्ने क्रममा उपाध्यक्ष श्यामकुमार पोखरेलले पनि भूमिसुधार कार्यालयबाट मोहीको छिनोफानोमा विलम्ब हुँदा वृद्धाश्रम निर्माण प्रक्रिया शुरु नसकेको बताए । उनले आर्थिक समस्या टार्ने थुप्रै दाताहरूले इच्छा जाहेर गरेको तर जग्गाको समस्याले निर्माण काम शुभारम्भ हुन नसकेको बताए ।

सचिव जगदीशप्रसाद शर्माले संस्थासँग सवा करोड पूँजी रहेको, दाताहरूले सहयोगको आश्वासन दिएको तर भूमिसुधारको प्रमुख नियमित नबस्दा समस्या भएको बताए । उनले जग्गाधनी मोही दिन तयार, मोही पनि तयार रहेको अवस्थामा मालपोत तथा भूमिसुधार कार्यालय हेर्ने हाकिम एकैजना भए पनि छिटै सरुवा हुने विभिन्न आरोपमा थुना पर्ने, कारबाईको शिकार हुनेजस्ता घटनाले जग्गाको काम अड्किएको बताए । उनले पछिल्लो हाकिम चार महिनामा चार दिन मात्र हाजिर भएका र उनलाई पनि यसबारे अवगत गराएको बताए ।

साधारणसभा तथा संरक्षक परिषद्को बैठकमा सहभागीहरूले वृद्धाश्रमको लागि चार वर्षदेखि काम हुन नसकेको गुनासो गरेका थिए । उनीहरूले अन्यत्र आश्रम धमाधम खुलिरहेको तर वीरगंजमा भने ढिला भएको गुनासो पोखे ।

उनीहरूको गुनासोका जवाफ दिँदै सचिव शर्माले अन्यत्र खुलेका आश्रम भाडामा र अन्यसँग आश्रित हुनेगरी सञ्चालनमा आएको तर वीरगंजको वृद्धाश्रमको स्वरूप फरक हुने प्रस्ट्याए । उनले घरपरिवारमा बस्न नसक्नेहरू पनि आश्रममा बस्दा आत्मसम्मानका साथ अरूमाथि निर्भर नहुनेगरी बस्न सक्ने व्यवस्थापनमा वृद्धाश्रम सञ्चालन हुने बताए । उनले घरमा बसेका तर समय व्यतीत आश्रममा आएर दिनभर बसी जान सक्ने, वृद्धवृद्धाहरूको व्यवस्थापन सहितको आश्रम निर्माण गरिने जानकारी गराए ।

कार्यक्रममा कोषाध्यक्ष हरि गौतमले आयव्यय प्रस्तुत गरेका थिए । उनले वृद्धाश्रम निर्माण कार्य शुरू नभएकोले हाल कर्मचारीको तलब दिने र संस्था नवीकरणबाहेक अन्य खर्च नभएको बताए ।

## सिम्रौनगढ नपा १२ दिनदेखि बन्द

प्रस, सिम्रौनगढ, ८ असोज/

सिम्रौनगढ नगरपालिकाका सबै वडा कार्यालयहरू १२ दिनदेखि बन्दछ ।



बन्द रहेको सिम्रौनगढ नगरपालिका, नगर अस्पताल र सेवा लिन गएका सेवाग्राहीहरू । तस्वीरः रामेश्वर मेहता

सिम्रौनगढ नपा–२ का सुमोद साहको १८ महीने बालक अनुराज गुप्ताको सर्पदंशबाट मृत्यु भएको घटनामा नगर अस्पताल तोडफोड गरिएको र केही स्वास्थ्यकर्मी तथा कर्मचारी घाइते भएको घटनालाई लिएर वडा कार्यालयहरू शुक्रवार पनि बन्द रहे । भदौ २८ गतेको घटनापछि बन्द रहेका नगर अस्पताल, नगरपालिका र वडा कार्यालयहरू अहिलेसम्म खुलेका छैनन् ।

नगरपालिका कर्मचारीहरूले स्वास्थ्यकर्मी, कर्मचारीहरूमाथि कुटपिट गर्ने, अस्पताल तोडफोड गर्नेविरुद्ध कारबाई हुनुपर्ने माग राखेका छन् । सो माग पूरा नभएको भन्दै उनीहरूले १२ दिन बितिसक्दा पनि आन्दोलन जारी राखेका छन् ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले छानबीन भइरहेको र दोषीमाथि कारबाई हुने बताए । उनले कार्यालय खोल्न आग्रह गरे । घटनाबारे शुक्रवार राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. २ जनकपुरधामको टोलीले अनुगमन गरेको छ ।

आयोगका प्रदेश प्रमुख वीरबहादुर बुढामगरको नेतृत्वमा अधिकृत कृष्ण मिश्र र रञ्जीत कुशवाहाको टोलीले तोडफोड गरिएको अस्पताल र नगरपालिका कार्यालय र स्थानीयसँग सोधपुछ गरेको छ । १२ दिनदेखि वडा कार्यालयले सेवा बन्द गर्दा सेवाग्राही समस्यामा परेका छन् । अत्यावश्यक काम पनि वडा कार्यालयबाट नहुँदा समस्या भएको उनीहरूको गुनासो छ ।

## ६८ दिनमा १९ करोड पेट्रोलियम पदार्थ बिक्री

प्रस, जीतपुर, ८ असोज/

नेपाल आयल निगम, २ नं. प्रदेश इन्धन डिपो कार्यालय अमलेखगंज, बाराले ६८ दिनमा १९ करोड १३ लाख १० हजार २७ लिटर डिजेल, पेट्रोल र मटीतेल बिक्री वितरण गरेको कार्यालय प्रमुख प्रदीपकुमार यादवले बताए ।



नेपाल आयल निगम, २ नं. प्रदेश इन्धन डिपो कार्यालय अमलेखगंज । तस्वीरः प्रतीक

प्राप्त विवरण अनुसार २०७८ साउन महीनामा पेट्रोल २ करोड ३६ लाख ११ हजार २७ लिटर, डिजेल १६ करोड १८ लाख ९९ हजार लिटर र मटीतेल ५ लाख ८० हजार लिटर बिक्री भएको परिमाणको इन्धन बिक्री भएको हो ।

भदौमा पेट्रोल १ करोड ८ लाख लिटर, डिजेल ६ करोड ९४ लाख ८५ हजार लिटर र असोज ५ गतेसम्म ५ दिनमा पेट्रोल १६ लाख ६० हजार लिटर र डिजेल १ करोड ३३ लाख ८७ हजार लिटर बिक्री गरेको प्राप्त विवरणमा जनाइएको छ ।

पेट्रोलियम पाइपलाइन जडान भएयता बन्द, हडताल आदिले गर्दा छ । बारा, पर्सा, रौतहट, सर्लाही, मकवानपुर, चितवन, गोरखा, तनहुँ र लमजुङ जिल्लाका बिक्रेताहरूलाई सो पेट्रोलियम पदार्थको ढुवानी, आपूर्तिमा कुनै कठिनाइ नभएको प्रमुख यादवले बताए । उनले माग बमोजिम पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको बताए ।

भारत, रक्सौल–नेपाल–अमलेखगंज पेट्रोलियम पाइपलाइन जडान तथा सञ्चालनले पेट्रोलियम पदार्थको चुहावट र मिसावट शून्य हुँदा करोडौं नोक्सानीबाट मुक्ति पाएको प्रमुख यादवले बताए । उनले काठमाडौं उपत्यकालगायत विभिन्न जिल्लाको आकस्मिक माग तथा आवश्यकता पेट्रोलियम पदार्थको सहजरूपमा आपूर्ति गर्दै आएको बताए । पेट्रोलियम पाइपलाइनको भरपर्दो सुरक्षा तथा चौबीसै घण्टा रेखदेखको लागि नेपाली सेनालाई जिम्मेवारी दिएको जसले गर्दा चोरी, चुहावट, भवितव्य आगलागी, नोक्सानी, क्षति नहुने निश्चित भएको प्रादेशिक प्रमुख यादवले बताए ।

पेट्रोलियम पाइपलाइन जडान तथा सञ्चालनले गर्दा इन्धन बिक्री वितरणमा सहज भएको र पहिलेजस्तो पैसा बुझाएर पनि तेलको लागि हप्तौं लाइन बसेर कुनुपर्ने बाध्यताको अन्त्य भएको बिन्दा आयल स्टोर्स जीतपुरका बिक्रेता शारदा नेपालले बताए ।

उनले अहिले माग र आवश्यकताबमोजिम पेट्रोलियम पदार्थको आपूर्ति भएको बताए ।

## युरिया मलको अभाव, कालोबजारी शुरू

बलिराम शुक्ला, बिरुवागुठी, ८ असोज

पर्साको ग्रामीण भेगमा धान खेतीको बेला पुनः युरिया मलको हाहाकार भएसँगै मलको कालाबजारी शुरू भएको छ । अहिले किसानहरूले युरिया मल दुई हजार मोल तिरेर खरीद गर्नुपरिरहेको एकजना किसानले गुनासो गरे ।




उनले पर्सा जिल्लामा युरिया मलको अभाव भएको बेला केही तस्करहरूले ५० किलो युरिया मल, बढीमा नौ सय मोल रहेकोमा, दुई हजारसम्ममा बिक्री गरिहेको बताए ।

केही तस्करले सीमावर्ती भारतबाट चोरी पैठारी गरी ल्याएको युरिया मल पनि सोही मोलमा बिक्री गर्दै आएको किसानहरूले बताए ।

नेपाली मलको बोरामा उल्टी गरी भारु ३५० पर्ने भारतीय युरिया मल दुई हजारसम्म लिने गरेको किसानले गुनासो गरेका छन् । अहिले किसानहरूलाई युरिया मलको अभाव भएको बेला तस्करीमा खुलेयाम बिक्री हुँदा पनि स्थानीय तह र सुरक्षाकर्मी मुकदर्शक बनेका छन् । स्थानीय शम्भु दासले अहिले किसानलाई युरिया मलको आवश्यकता परेको तर महँगो मूल्य तिर्न नसकेका किसानहरूले बाध्यतावश धानबालीमा डिएपी छर्न थालेको बताए ।

पर्सा जिल्लाको मनवा, बडनिहार, बौहर्वा, रङ्पुर र श्रीपुर पचगावाँ, डकैला बजार आदिमा तस्करीको मल बिक्री भइरहेको किसानहरूले बताएका छन् ।

आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हुलाकी सडक सञ्चालनपछि पोखरियाको रौनक घट्यो

प्रस, पोखरिया, ८ असोज/

हुलाकी सडक सञ्चालनमा आएपछि पोखरिया बजारको रौनक घटेको छ । वीरगंजदेखि पोखरिया १६ किलोमिटरको दूरीमा छ ।

अहिले पोखरियादेखि सात किलोमिटर पूर्वबाट हुलाकी सडक उत्तरतर्फ मोडिएपछि पोखरियाको रौनकमा कमी आएको हो । हुलाकी सडक सञ्चालनमा नआउँदा जगरनाथपुर, ठोरी, जीराभवानी, पटेर्वासुगौलीसम्मका मानिस पोखरिया भएर गन्तव्यतर्फ जाने गर्थे ।

यसरी चारैतिरका मानिस पोखरिया भएर आवतजावत गर्दा पोखरियाको बन्द-व्यापार फस्टाएको थियो । पोखरियाको रौनक जहाँ घटेको छ, विन्ध्यवासिनी र बहुअर्वाभाटाको व्यापार बढेको छ । विभिन्न भाडाको सवारी साधनमा यात्रा गर्ने र निजी सवारीका साधन प्रयोगकर्ताहरू बिन्ध्यावासिनी र बहुअर्वाभाटामा विश्राम गर्ने, किनमेल गर्ने अनि खाजा खाने गर्छन् ।



बहुअर्वाबाट हुलाकी सडक



विन्ध्यवासिनी बजार

## विचारसार र सूक्तिहरू

**मानिसको समस्त दिक्दारीको दुईवटा कारण छ–पहिलो भाग्यभन्दा बढी र दोस्रो समयभन्दा पहिले पाउने चाहना।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# जिम्मेवारीबोध गर्नुपर्‍यो

**सरकारले केही सार्वजनिक सेवा बन्द गर्न प्रतिबन्ध लगाएको छ। कुनै पनि सानो–ठूलो घटनापछि बन्द, आन्दोलन गर्ने शैली विकसित भएपछि सरकारले यस्तो कदम चालेको हो । वारुणयन्त्र, स्वास्थ्य सेवा, सफाइ कार्यमा हडताल, आन्दोलन वर्जित गरिएको छ। तर पनि यी सेवाहरूमा कुनै न कुनै बहानाान हडताल, आन्दोलन हुन्छ। पछिल्लो चरणमा अस्पतालहरूमा आक्रमणको घटनामा वृद्धि भयो । कुनै पनि कारणबाट मृत्यु भएपछि चिकित्सकको लापरवाही देखाउँदै तोडफोड, आगजनी, कुटपिटको वारदात बढ्न थाल्यो । खासगरी निजी अस्पतालहरूमा यस प्रकारका घटना वृद्धि भएको हो । चिकित्सकहरूको लापरवाहीबाट हुने घटनामा अस्पताल, सम्बन्धित चिकित्सकले क्षतिपूर्ति दिएको घटना बाहिर आउन थालेपछि सोलाई अवसरको रूपमा प्रयोग गर्न जानेकाहरूले उमेर हद र कालगतिबाट मृत्यु भएको घटनालाई पनि अतिरञ्जित पार्दै चिकित्सकीय दोष थुपारेर क्षतिपूर्ति माग गर्ने प्रचलन बढ्न गयो ।**

**अहिले सरकारले अस्पतालमा तोडफोड गर्ने, चिकित्सक, स्वास्थ्यकर्मीमाथि हातपात गर्ने घटनामा संलग्नहरूलाई दण्ड–जरिवाना गर्ने व्यवस्था गरेको छ । फलतः यस प्रकारका घटनामा कमी आएको महसूस गर्न सकिन्छ। बिरामीको मृत्यु भएपछि त्यसको सम्बन्धित तहबाट छानबीन गर्ने र दोषी ठहर भएपछि कारबाईको दायरामा ल्याउने व्यवस्था नभएको होइन। तर यसरी गरिने कारबाई लामो हुने र कुनै घटनामा न्याय नपाइएको घटनाले पीडितहरूलाई निराश नपारेको पनि होइन। तर यसो भन्दैमा सबैले आफैं न्याय गर्न थाले भने अराजकता फैलिन्छ। सबैले न्याय पाउने संयन्त्र तयार नहुन्जेल कहिले चिकित्सक र कहिले बिरामी अन्यायको शिकार हुन्छन्, यसतर्फ समयमैं विचार पुऱ्याउन जरूरी छ ।**

**बाराको सिम्रौनगढ घटना पनि यसै मानसिकताको उपज हो । त्यहाँको नगर अस्पतालमा १८ महीनाकी अबोध बालिकालाई सर्पले टोकेर भर्ना गरिएको थियो । अस्पतालमा सर्पदंशविरुद्ध उपचार पनि हुँदै आएको हो । तर बालिकाको अवस्था नाजुक भएकोले त्यहाँका चिकित्सकले उपचार सम्भव छैन भनेर जिल्ला अस्पताल, कलैया पठाए । यस क्रममा बालिकाको बाटोमा मृत्यु भयो र परिवानजन, आफन्तले नगर अस्पतालमा तोडफोड गरे । चिकित्सक, स्वास्थकर्मी र कर्मचारीमाथि हातपात गरे । घटनाको विरोधमा अहिले डेढ साताभन्दा बढी समयदेखि नगर अस्पताल, नगरपालिका, वडापालिकाहरू बन्द छन्। घटना दुःखद हो, उपचार अभावमा बालिकाको मृत्यु र आक्रोशित परिवारजनबाट गरिएको तोडफोड दुवै क्षम्य छैन ।**

**अस्पताल दोषी छ भने कानूनी कारबाईको व्यवस्था छ । त्यसैगरी तोडफोड, मारपिट गरिएको छ भने पनि त्यसका दोषीहरूलाई कारबाई हुने कानूनी प्रावधान छ। तर तुरून्त न्याय हुनुपर्ने मनोविज्ञानले त्यहाँ एक पक्षले तोडफोड, कुटपिट गऱ्यो भने अर्को पक्षले अहिलेसम्म सेवा बन्द गरेर बस्यो । सम्बन्धित पक्षले दुवैलाई न्याय दिने वातावरण बनाउन सकेको छैन । अहिले यो घटनाले राजनीतिकरूप धारण गरिसकेको छ । हैनभने प्रहरीले तोडफोडमा संलग्नहरूलाई पक्राउ नगर्ने र प्रशासनले उपचार विधिमा त्रुटी भए नभए बारे अनुसन्धान गरी पत्तो लगाएर घटनाको वास्तविकता सार्वजनिक गर्न नसक्नुको अर्को कुनै कारण देखापर्दैन ।**

# अबको विकल्प वैज्ञानिक समाजवाद नै हो त ?

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**यति बेला पहिलेजस्तो उत्पाद शक्तिमा केवल पूँजीवादीको स्वामित्व रहने अवस्था छैन। विज्ञान, प्रविधि, वैज्ञानिक ज्ञानसँग जोडिएकोले ज्ञानमाथि ताल्चा लगाउन कठिन छ। यसर्थ उत्पादन शक्तिमाथि व्यक्ति विशेषको भन्दा समाज र समुदायको स्वामित्व बढी सरल ढङ्गले हुन गएको छ।**

कुनै पनि व्यक्ति संस्कार छोड्न चाहँदैन। संस्कार भनेकै लामो समयदेखि समाजले गर्दै आएको व्यवहार हो । संस्कारको प्रभाव व्यक्तिहरूमा यति बलियो हुन्छ कि खराब कुराहरूलाई पनि हटाउन र सुधार्न समाज सजिलै तयार हुँदैन। त्यतिबेला बल प्रयोग गरेर मात्रै कथित संस्कार, जो वास्तवमा कुसंस्कार भइसकेको हुन्छ, हटाउनुको कुनै विकल्प रहँदैन । हो, यही बल प्रयोगलाई राजनीतिक भाषामा क्रान्ति भनिन्छ।

वास्तवमा क्रान्तिपूर्वका संस्कार, प्रवृत्ति, विभेद, शोषण, भ्रष्टाचार आदि सबैलाई प्रत्यक्ष/अप्रत्यक्षरूपमा राज्यले नै संरक्षण गरिरहेको हुन्छ । यस्ता कुसंस्कारविरुद्ध बोल्ने, लेख्ने, सङ्गठित हुने, सभा–सम्मेलन गर्ने र अन्त्यमा शान्तिपूर्ण आन्दोलन गर्दै बल प्रयोग गर्नेहरूलाई राज्यले आतङ्कवादी, अराष्ट्रिय, प्रतिक्रान्तिकारी, अवसरवादी, दलाललगायत विभिन्न विशेषण भिडाउने गरेको छ। जबकि वास्तविकता यसको ठीक उल्टो हुन्छ। विदेशी शक्ति राष्ट्र र पूँजीपति साम्राज्यवाद, विस्तारवाद, प्रभुत्ववादलगायत शक्तिहरूको दलालीमा स्वयं राज्य आफ्नो सत्ता टिकाउन लागेको हुन्छ । योजनाबद्ध किसिमले राज्यले संस्थागतरूपमैं भ्रष्टाचार र विभेदलाई संरक्षण संवर्द्धन गरिरहेको हुन्छ।

२०४५ साल पहिले नेपालका राजनीतिक पार्टीहरू मुलुकले विकास गर्न नसक्नुको मुख्य कारण पञ्चहरूलाई बताउने गर्दथे। त्यतिबेला सम्पूर्ण कुराको दोष पञ्चायती व्यवस्थामाथि थुपारिन्थ्यो। त्यसपछि संवैधानिक राजतन्त्रको टाउकोमा दोष थुपार्न थालियो। २०६२–०६३ पछि राजा हटिसकेपछि आएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले पहिलेको सबै रेकर्ड सहजै भत्काइदियो। चाहे त्यो भ्रष्टाचारको मामिला होस् वा कुशासनको। भेदभावपूर्ण न्यायको कुरा होस् वा नातावाद, कृपावादको। महँगीको कुरा होस् वा अपराधको । तस्करीको विषय होस् वा राष्ट्रियताको । नेपाली सिमाना मिचिएको होस् वा प्रचलित कानून तोडिएको होस् । प्रत्येक मामिलामा पूर्ववर्तीहरूभन्दा सङ्घीय लोकतान्त्रिक गणतन्त्रका नेताहरूले, सरकारहरूले तथा पार्टीहरूले कैयौं गुणा अगाडि उछिनेको सबैले प्रत्यक्ष देखेका छन्, अनुभूति गरेका छन्। विकृति विसङ्गतिको पराकाष्ठामा पुग्दा झन्डै दुईतिहाईको आफ्नै सरकारलाई, त्यो पनि तथाकथित वाम सरकारलाई नेपालका नम्बर एक भन्न रुचाउने महान् कमरेडहरूले नै ढालेर नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार बनाउने महान् क्रान्तिकारी कदम चालेर यहाँसम्म आइपुग्दा तथा संसद्भित्र वर्तमान समयमा प्रत्येक दिन नयाँ–नयाँ गाईजात्राको अभिनय देखाउँदा वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्र नै फेल भइसकेको अनुभूति सर्वत्र हुनु स्वाभाविक नै हो। केवल पद र पैसाको लागि आफ्नै सरकार ढाल्ने महारथीहरूले फेरि क्रान्ति र परिवर्तनको कुरा गरेको देख्दा नेताहरूको सैद्धान्तिक राजनीतिक विचलन कति हदसम्म गिरेको छ र उनीहरूभित्र नैतिकता लाज तथा घिन केही पनि बाँकी नरहेको सजिलै भन्न सकिन्छ।

यति बेला नेपाली राजनीतिमा–पूँजीवाद कि वैज्ञानिक समाजवाद प्रमुख बहसको विषय बनेको छ । समाजवाद शब्द यति धेरै लोकप्रिय भएको छ कि प्रगतिशील तथा रुढिवादी दुवै समूहले समाजवाद शब्दप्रति आकर्षण बढाएको देखिन्छ । नाममात्रको वाम वा हँसिया हथौडा बोक्ने गैरमार्क्सवादी आचरणका व्यक्तिहरू कम्युनिस्ट भन्दै आफू तथा आफ्नो पार्टी समाजवादमुखी भएको लाजै नमानी बताउने गर्छन्। जबकि यिनीहरू सबैको विगत जेजस्तो भए तापनि वर्तमान टुप्पीदेखि पाइतालासम्म भ्रष्टाचारमा डुबेको, विदेशी दलाल पूँजीपतिहरूको दलालीमा महारत प्राप्त गरेको, सत्ता र भत्ताको लागि जे पनि गर्न सक्ने प्रवृत्ति दऱ्होसँग पलाएकाहरू नै अहिले प्राय:जसो पछाडि समाजवाद वा कम्युनिस्ट पार्टी वा माओवादी भन्ने शब्दहरू लेख्ने गरेको देखिन्छ।

हाम्रो वर्तमान संविधान समाजवाद उन्मुख लेखिए तापनि सो अनुसारको कुनै व्यवस्था भए–गरेको देखिंदैन। यो पूर्णतः पूँजीवादमुखी संसदीय व्यवस्था हो। यति मात्र होइन वर्तमानको अवस्था हेर्दा सङ्घीय लोकतान्त्रिक गणतन्त्र फेल भइसक्यो भन्ने यथेष्ट सङ्केत देखिएका छन्। दुईतिहाई बहुमतको सरकार नचल्नु, अदालतको हस्तक्षेप हुनु, दुई महीनासम्म पनि पूर्ण सरकार बन्न नसक्नु, गठबन्धनभित्र एमसिसीको विषयमा गहिरो मतभेद देखिनु, गठबन्धन कमजोर भई कुनै बेला पनि टुट्न सक्ने अवस्थामा पुग्नुजस्तो अवस्थाले वर्तमान व्यवस्था नै सङ्कटमा परेको प्रस्ट देखिन्छ। अर्थात् नेपाली समाजको वर्तमान अन्तर्विरोधलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रले हल गर्न नसक्ने देखिएको छ। यस्तो अवस्थामा अबको विकल्प के त? प्रश्न उठ्नु स्वाभाविक नै हो।

यति बेला मुलुकमा जनताले खोजेको शान्ति, समृद्धि, स्वाधीनता, स्थिरता, सुशासनलगायतका कुरा भताभुङ्गको अवस्थामा पुगेको छ। पार्टीहरू, सरकार, प्रशासन, आम कार्यकर्ता, नेता, जनता सबैमा एक खालको असन्तोष, निराशा, कुण्ठा, सङ्घर्ष, विभाजन, तानातानको अवस्था रहेको छ । एक डेढ वर्षपछि गरिने चुनाव पूर्व चुनावजस्तै पैसाको अत्यधिक प्रयोग, मतदाता खरीद–बिक्री, गुण्डागर्दी, मतपत्र च्यात्ने, बुथ कब्जा गर्नेजस्तो अप्रजातान्त्रिक कार्य नहोला भन्न सकिन्न। यी सबै चुनावी तिकडम गरी बनेको सरकारले आफूले चुनावताका गरेको आर्थिक लगानी असुल गर्न केन्द्रित भएपछि जनताको व्यवस्थाप्रति मोहभङ्ग हुनु स्वाभाविक नै हो। यति बेला यस्तो जन–मनोविज्ञान विकसित भएको छ कि जुन जोगी आए कानै चिरेको। अर्थात् जुन पार्टीले सरकार बनाए पनि जनताको लागि केही गर्ने होइन । देशको लागि चिन्ता गर्ने कुनै पनि संसदीय पार्टी छैन। सबैलाई आफ्नो कुर्सी प्यारो छ। कुर्सी पाउन अथवा जोगाउन नेताहरू आफैंले विगतमा रगत पसिना बगाएर बनाएको पार्टी पनि फोड्न सक्छन्, एकअर्कालाई गद्दार, दलाल, भ्रष्टाचारी, चरित्रहीन जस्ता आरोप लगाउन सक्छन् भने यिनीहरूले अरू के चाहिं गर्न बाँकी राख्लान् ?

हिजोको जस्तो हलो, गोरु, मानव श्रम मात्र वर्तमानको मुख्य उत्पादन शक्ति रहेन। यति बेला विज्ञान र प्रविधिमा आएको व्यापक खोज र विस्तारले उत्पादन शक्तिलाई नै परिवर्तन गरिदिएको छ। उत्पादन शक्तिको व्यापक विकासले गर्दा पहिले उत्पादन सम्बन्ध पनि फेरिएको छ। पहिलेको जस्तो अहिले न स्वामित्वको रूप छ, न वितरण प्रणाली, न मानिसहरू बीच आपसी सम्बन्ध नै। यति बेला पहिलेको जस्तो उत्पाद शक्तिमाथि केवल पूँजीवादीको मात्रै स्वामित्व रहने अवस्था छैन। विज्ञान, प्रविधि, वैज्ञानिक ज्ञानसँग जोडिएको हुनाले ज्ञानमाथि ताल्चा लगाउन कठिन छ । यस कारण उत्पादन शक्तिमाथि व्यक्ति विशेषको भन्दा समाज र समुदायको स्वामित्व बढी सरल ढङ्गले हुन गएको छ।

त्यसैगरी पूँजीवादी वितरण प्रणाली विज्ञापनमुखी तथा बिचौलिया दलालमुखी रहँदै आएकोमा विज्ञान प्रविधिको प्रयोगले यसमा पनि फरक ल्याएको छ। पूँजीवादीले वस्तुलाई उत्पादन गरी माल बनाएर त्यसबाट निरन्तर नाफा लिने कुराको प्रकृतिमा अहिले परिवर्तन भएको छ । अहिले उत्पादित वस्तु मालभन्दा पनि समाजीकरण हुने दिशामा बढी अग्रसर भएको देखिएको छ । यद्यपि यति बेलासम्म वैज्ञानिक समाजवादी अर्थ प्रणाली संसारभरि नभइसकेकोले अझै त्यो मालकै रूपमा छ तर समाजवादी देशहरूमा भएको प्रचुर विज्ञान, प्रविधिको प्रयोग गर्दा उत्पादित वस्तु सस्तो हुने र धेरैभन्दा धेरै मानिसको हातमा पुग्ने भएकोले अबको राजनीतिक विकल्प वैज्ञानिक समाजवाद नै हो।

# तीन खर्बको आयात हुँदा ४४ अर्बको निर्यात

काठमाडौं, ८ असोज/रासस

चालू आर्थिक वर्षको पहिलो दुई महीनामा आयातसँगै निर्यातमा वृद्धि भएको छ। भन्सार विभागले सार्वजनिक गरेको चालू आव २०७८–७९ को भदौ मसान्तसम्मको तथ्याङ्क अनुसार आयातमा ७५.८६ र निर्यातमा ११५.४३ प्रतिशतले वृद्धि भएको हो । तथ्याङ्क अनुसार दुई महीनामा रु ४४ अर्ब तीन करोड ९५ लाख ९१ हजार बढीको स्वदेशी वस्तुको निर्यात भएको छ भने रु तीन खर्ब १४ अर्ब ५१ करोड ७१ लाख बराबरको विदेशी वस्तुको आयात भएको छ।



भारतीय चालकहरू सडकमै सुस्ताउँदै । तस्वीरः फाइल/प्रतीक

गत आव २०७७–७८ को समीक्षा अवधिमा रु २० अर्ब ४४ करोड बराबरको निर्यात भएको थियो भने रु एक खर्ब ७८ अर्ब ८४ करोड ६२ हजार बराबरको आयात भएको थियो । विभागको तथ्याङ्क अनुसार गत साउन महीनामा रु एक खर्ब ५० अर्ब ७३ करोड १७ लाख १९ हजार बराबरको विदेशी वस्तुको आयात भएको हो । यस्तैगरी साउन महीनामा रु २० अर्ब ७६ करोड ५१ लाख बराबरको स्वदेशी वस्तुको निर्यात भएको थियो।

### व्यापार घाटा दुई खर्ब ७० अर्ब

विभागले चालू आवको दुई महीनामा रु दुई खर्ब ७० अर्ब ४७ करोड बराबरको व्यापार घाटा भएको जनाएको छ। गत वर्षको सोही अवधिमा नेपालले रु एक खर्ब ५८ अर्ब ४० करोड ३२ लाख बराबरको व्यापार घाटा बेहोरेको थियो। गत वर्षको तुलनामा चालू आवको सोही अवधिमा नेपालले ७०.७५ प्रतिशतले व्यापार घाटा बेहोरेको हो।

यस्तै पछिल्लो दुई महीनामा नेपालले रु तीन अर्ब ५८ अर्ब ५५ करोड बराबरको वैदेशिक व्यापार गरेको छ । गत वर्ष सोही अवधिमा नेपालले रु एक खर्ब ९९ अर्ब २८ करोड बराबरको वैदेशिक व्यापार गरेको थियो। गत वर्षको सोही अवधिको तुलनामा चालू आवको दुई महीनामा ७९.९२ प्रतिशतले वैदेशिक व्यापार बढेको छ।

### ११८ देशबाट आयात

दुई महीनाको अवधिमा ११८ देशबाट रु तीन खर्ब १४ अर्ब ५१ करोड ७१ लाख बराबरको विदेशी वस्तुको आयात भएको छ । तथ्याङ्क अनुसार यस अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ। भारतबाट रु एक खर्ब ८७ अर्ब ७१ करोड ८० लाख ४५ हजार बराबरको आयात भएको छ । भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । चीनबाट रु ४२ अर्ब ८४ करोड ७५ लाख बराबरको आयात भएको छ । समीक्षा अवधिमा भारतमा रु ३६ अर्ब १७ करोड ४३ लाख र चीनमा रु १५ करोड ८० लाख बराबरको निर्यात भएको छ।

# श्रीपेच चोरी गर्न खोजेको आरोपमा पक्राउ

काठमाडौं, ८ असोज/रासस

नारायणहिटी दरवार सङ्ग्राहलयबाट श्रीपेच चोर्न खोजेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रूकुमको मुसिकोट नगरपालिका घर भइ हाल काठमाडौं बस्ने खेमबहादुर घर्ती रहेका छन् । उनको मानसिक अवस्था ठीक नभएको भन्ने जानकारीमा आएको र घटनाको विषयमा अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंहले जानकारी दिए।



उनले भित्र रहेको सो–केस फुटाएर त्यहाँ रहेको श्रीपेच निकाल्न खोज्दा सुरक्षार्थ रहेका नेपाली सेनाले नियन्त्रणमा लिइ महानगरीय प्रहरी वृत्त दरबारमार्गमा बुझाएका छन् । सङ्ग्राहलयमा राजाले लगाएको श्रीपेच सङ्ग्रह गरेर राखिएको छ। यता काठमाडौं महानगरपालिका–८ गौशालाबाट ४५ ग्राम तौल भएको संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) जस्तो देखिने वस्तुसहित ललितपुर महानगरपालिका–६ लगनखेल बस्ने ३० वर्षीय निकेश बस्नेतलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५   २०७८ असोज ०९ गते शनिवार   2021 September 25 Saturday



# गर्भ दुई, सन्तान एक

स्वान्तः सुखाय




सञ्जय मित्र
mitrasanjay41@gmail.com

**मथुरामा जेलमा रहेकी देवकीको गर्भमा प्रवेश गरेका शेषनाग गोकुलमा रहेकी रोहिणीको गर्भमा गर्भान्तर भई कृष्णको दाजु बनेर बलरामको रूपमा जन्मन्छन् । यसरी सम्भवतः दुई आमाको गर्भबाट जन्मने एक सन्तान बलराम हुन् ।**

आजको विज्ञानले अनेक चमत्कार गरेको छ तर हिन्दू धार्मिक साहित्यले हजारौं वर्ष पहिले गरेका कल्पनाहरू पनि अद्भूत छन् । धार्मिक साहित्य यदि इतिहास हो भने वर्तमान युगसम्म आइपुग्दा विज्ञानले पनि अझ केही पाइला हिंड्न बाँकी देखिन्छ ।

बुवाले दुईओटा विवाह गरेको अवस्थामा एक सन्तानका दुई आमा सजिलै हुन सक्छ, तर पूर्वीय धार्मिक मान्यतामा एक सन्तान नै दुई आमाको गर्भबाट जन्मेको उल्लेख पाइन्छ । एक सन्तान दुई आमाको गर्भबाट कसरी प्रसव हुन सक्छ ? तर हाम्रा शास्त्रहरूले यस प्रकारको कल्पना गरेको पाइएको छ ।





द्वापर युगमा बलरामको जन्म दुई आमाबाट भएको मानिएको छ । शास्त्रहरूले यही कुरालाई स्वीकार गरेको देखिन्छ ।

बलराम भनेका कृष्णका दाजु हुन् । बलराम र कृष्णका पिता एकैजना हुन् । पूर्वीय शास्त्रहरूले कैयौं शताब्दी पहिले नै कल्पना गरेको (यसलाई यथार्थ मान्नेहरू पनि छन्, म क्षमा चाहन्छु मैले कल्पना शब्द प्रयोग गरेबाट कसैलाई ठेस लागेको छ भने) गर्भ सङ्कर्षण भएको हो । तत्कालीन अवस्थामा कारागारमा रहेका वसुदेव र देवकीको सातौं सन्तान बलराम मानिन्छन् । देवकीको सातौं गर्भ सङ्कर्षण भई रोहिणीमा सरेको थियो । वर्तमान भूगोललाई यथार्थ मान्ने हो भने गोकुलबाट मथुरा कम्तीमा बाह्र किलोमिटर टाढा छ । बीचमा यमुना नदी बग्दछ ।

बलरामको जन्म गोकुलमा भएको हो (कृष्णको जन्म मथुरामा) । बलराम र कृष्ण दाजुभाइ हुन् । हाम्रो समाजमा यससित सम्बन्धित एउटा मिथक प्रचलनमा छ :

कृष्ण भनेका राम हुन् र बलराम चाहिं लक्ष्मण । विष्णुका अनेक अवतारमा राम दाजु हुने र लक्ष्मण भाइ हुने भएपछि एकपटक रामलाई लक्ष्मणले भनेछन् – कम्तीमा एकपटक मलाई दाजु बन्न दिनुस् र तपाईं भाइ बनिदिनुस् । मलाई पनि दाजु हुँदाको अवस्थामा हुने सुखदुःख थाहा होस् । रामले हुन्छ भनेछन् । के भनिन्छ भने राम विष्णु हुन् र लक्ष्मण शेषनाग । यही शेषनागको आसनमा भगवान् विष्णु क्षीरसागरमा विराजमान छन् । भगवान् विष्णुको सेवा गर्न र लीलाको साक्ष्य बन्न विष्णुको अवतारसँगै शेषनाग पनि कुनै न कुनै भूमिकामा हुन्छन् । द्वापरमा भगवान् विष्णु जब परमावतार श्रीकृष्णको रूपमा धरतीमा आउने भएपछि शेषनागलाई दाजु बनाउन बलरामको रूपमा उनको इच्छा पूरा गर्न दाजु बनाउँछन् । जसरी लक्ष्मणमा तुरुन्तै रिसाउने बानी थियो, त्यसैगरी बलराममा पनि रिसाउने बानी थियो ।

गोकुलबाट मथुरा कम्तीमा बाह्र किलोमिटर टाढा छ । यो कुरा यहाँ किन दोहोऱ्याउन खोजिएको हो भने मथुराको कारागारमा रहेकी देवकीको गर्भबाट गोकुलमा नन्दबाबाको घरमा रहेकी रोहिणीको गर्भमा बलरामको गर्भान्तर भएको हो । यसलाई सङ्कर्षण भनिएको छ । यसैले बलरामको अर्को नाम सङ्कर्षण पनि हो । यस सङ्कर्षणमा कुनै किसिमको प्रविधि वा यन्त्रको प्रयोग गरिएको छैन । दुवै माता आआफ्नै ठाउँमा छन् । रातिको समय थियो । दुवै माता सुतेका छन् । गोकुलमा रहेकी माताको गर्भमा मथुरामा कारागारमा रहेकी माताको गर्भबाट गर्भान्तर भएपछि बल्ल थाहा पाउँछन् । मथुराको जेलमा रहेकी देवकीलाई गर्भपात भएको अर्थात् गर्भ तुहिएको जस्तो अनुमान हुन्छ, गर्भ अचानक हराउँछ । कुनै आमाको गर्भ नै अचानक हराएको तर गर्भपात नभएको भन्ने अनुभूति हुँदाको अवस्था कस्तो होला ? कारागारका कर्मचारीहरूले त यही हल्ला फिजाउँछन् कि देवकीको गर्भपात भयो । सातौं सन्तान जन्मनुपूर्व नै मऱ्यो अर्थात् गर्भमा नै खत्तम भयो । तत्काल यो कुरा कसैको ध्यानमा गएन कि गर्भान्तर भएको होला । यस किसिमको गर्भान्तर पहिले हुने गरेको भए सम्भवतः यस विषयमा मानिसले सोच्थे होलान् ।

देवकीलाई त गर्भ तुहियो भन्ने लाग्नु एक छिनको लागि अस्वाभाविक होइन तर जसको गर्भमा अचानक सन्तान आएर पूर्ण स्वस्थ भएर आँखा उघार्छ भने आमा र समाजमा तत्काल कस्तो सोचाइ आउला ? रोहिणी त झन्डै नन्दबाबाको घरमा शरणार्थीको रूपमा बसेकी थिइन् । शरणार्थीको रूपमा बसेकी रोहिणी गर्भवती भइन् र रोहिणी आफू गर्भवती भएको त्यति बेला थाहा पाइन् जतिबेला बच्चाको जन्म लिने समय नजीकिइसकेको थियो । आफ्नो गर्भमा बच्चा कहाँबाट आयो ? कसरी आयो ? यस प्रश्नले रोहिणीलाई कम्ति पिरोलेको होला ? हाम्रो समाजमा त यस्तो कुरालाई कसैले पत्याउँदैन । स्वयं रोहिणीलाई घोर आश्चर्य र अप्ठ्यारो भएको थियो । कसरी बताउने कि मेरो गर्भमा सन्तान कहाँबाट आयो । रोहिणीले मनको छटपटी र प्रतिष्ठा जाने डर कसलाई बताउने ? जसको घरमा शरण लिएर बसेकी थिइन्, पहिले उसैलाई बताउनु उचित थियो ।


रोहिणीसित यशोदाको कुरो निकै मिल्थ्यो । नन्दबाबाकी पत्नी हुन् यशोदा । कृष्णलाई आफूले जन्म दिएको भ्रम थियो यशोदालाई । कृष्णको जन्म हुनुभन्दा पहिले बलरामको जन्म भएको थियो । बलराम र कृष्ण कारागारमा रहेकी देवकीका सन्तान हुन् । यहाँ प्रसङ्ग बलरामको हो । स्वाभाविक हो, नैतिक वा दैहिक अप्ठ्याराहरू कुनै महिलाले सबैभन्दा पहिले महिलालाई नै बताउँछन् । रोहिणीले पनि यशोदालाई आफ्नो अवस्थाबारे ज्ञान गराउनु आवश्यक थियो । जानकारी नगराउँदा झन् अप्ठ्यारो पर्ने सम्भावना थियो । कसरी रातारात आफ्नो गर्भमा, हुर्केको बच्चा आइपुग्यो भन्ने कुरा रोहिणीले बताइन् यशोदालाई । यशोदा आश्चर्यचकित भइन् । विस्मित यशोदाले नन्दबाबालाई बताइन् । एकबाट दुई हुँदै गोकुलका केही प्रमुख मानिसमा यो आश्चर्यको कुरा पुग्यो । सबैले अनौठो माने, घोर आश्चर्य प्रकट गरे । नन्द परिवारमा एउटा अज्ञात भयावहता पस्रियो । यस अवस्थामा गुरु गर्गाचार्यलाई नभेटी भएन । गुरुले दिव्यदृष्टिले हेरेर बताए यो सङ्कर्षण हो । देवकीको गर्भबाट भगवान् विष्णुको इच्छाले सङ्कर्षण भएको हो । यो ज्यादै शुभ लक्षण हो । कसैले चिन्ता लिनु पर्दैन र रहस्यको कुरो कसैले कसैलाई बताउनु पनि हुँदैन । अब पृथ्वीमा राम्रो हुने सङ्केतको रूपमा यसलाई लिनुपर्ने धारणा गर्गाचार्यको आएपछि सबै ढुक्क हुन्छन् । सबैले यत्ति बुझेका छन् कि गर्गाचार्यसित अप्रतिम सिद्धि छ र उनले जीवनमा कहिल्यै असत्य कुरा गरेका छैनन् । गर्गाचार्यले सत्य बताएपछि गोकुलका प्रधानहरूमा खुशी तथा सन्तोषको सञ्चार हुन्छ । रोहिणी पनि सन्तुष्ट हुन्छिन् । गुरु गर्गाचार्यले ईश्वरको चाहना बताएपछि कसैले अविश्वास गर्ने पक्ष र प्रश्न बाँकी रहेन ।

मथुरामा जेलमा रहेकी देवकीको गर्भमा प्रवेश गरेका शेषनाग गोकुलमा रहेकी रोहिणीको गर्भमा गर्भान्तर भई कृष्णको दाजु बनेर बलरामको रूपमा जन्मन्छन् । यसरी सम्भवतः दुई आमाको गर्भबाट जन्मने एक सन्तान बलराम हुन् । हिन्दू दर्शनमा विश्वास राख्ने र शास्त्रको अध्ययन गर्नेहरू यस कुरामा विश्वस्त छन् । रोहिणीले बलराम निकै ठूलो भइसक्दासम्म पनि उनका पिताको नाम बताउन चाहेकी थिइनन् तर गोकुलमा भएका विभिन्न घटनाक्रमले कालान्तरमा बलरामले आफ्ना पिताबारे थाहा पाएका थिए । अनि आफ्नो जन्मबारे पनि बुझेका थिए ।

गोकुलमा अहिले पनि गर्वका साथ के भनिन्छ भने बलरामको जन्म यही धरतीमा भएको थियो ।

# राजा रणबहादुरसँग जोडिएको विन्ध्यवासिनीको इतिहास

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**अलौका डोलेहरू आफ्नो गाउँ नजीक आइपुगेकोले खुशीले गद्गद् भए । अहिलेको पर्साको अमरपट्टी गाउँ सोही बेलादेखि अमरपट्टी नामले चिनिन थालेको पुर्खाहरू भन्छन् । त्यसपछि डोलीमा विराजमान विन्ध्यवासिनी माताको जयजयकार गर्दै सबैजना हिंड्न थाले ।**

पर्सा, बारा र रौतहटलगायत जिल्लाहरूमा धार्मिक स्थलहरू प्रशस्त छन् । तीमध्ये हिन्दू धर्मावलम्बीहरूको आराध्य देवी आदिशक्ति विन्ध्यवासिनी माताको शक्तिपीठ वीरगंजदेखि झन्डै ७ किमि पश्चिम अवस्थित छ । करीब १७० वर्षभन्दा बढी पुरानो यस मन्दिरको




विन्ध्यवासिनी माताको शक्तिपीठ । तस्वीरः लेखक

इतिहास के हो ? यो मन्दिरको स्थापना कसले गरेको थियो ? झन्डै एक हजार किमि टाढा रहेको अहिलेको भारतीय राज्य उत्तर प्रदेशको विन्ध्याचलदेखि २४ घण्टाभित्र माताको अवशेष कसरी नेपाल आइपुग्यो ? पर्साको विन्ध्यवासिनीमा नै माताको अवशेष स्थापना गर्नुको कारण के थियो ? लगायत विन्ध्यवासिनी माताको स्थापनामा तत्कालीन राजा रणबहादुर शाहको भूमिका आदि यस आलेखमा समेटिएको छ ।

विभिन्न विद्वान् इतिहासकारहरूले राजा रणबहादुरको जीवनीसँग सम्बन्धित थुप्रै पुस्तक लेखेका छन् । ती पुस्तकहरूमा राजाको जन्म, राज्याभिषेक, विवाह तथा राज्य सञ्चालनका क्रममा भएका विभिन्न गतिविधि आदिबारे सङ्कलन गरेका जानकारी उल्लेख गरेको पाइन्छ । 'बासठीहरण' जस्ता प्रसङ्गमा इतिहासकारहरूबीच मतभेद पाइन्छ । धार्मिक प्रकृतिका राजा रणबाहदुर शाहले विन्ध्यवासिनी माताको अवशेष नेपाल ल्याएको कुरा इतिहासकारहरूको पुस्तकमा पाइँदैन । यद्यपि उनीहरूले लेखेका छन्, छोरा गिर्वाण युद्धलाई राजपाट सुम्पेर राजा जोगी बनेर हिंडे । ५ वर्षपछि पुनः नेपाल फर्के । विन्ध्यवासिनी मन्दिरका पुजारी उपाध्याय भन्छन्–रणबहादुर अलौ आए र डोली चढेर धार्मिक यात्रामा भारत गए । यो कुरा राजा रणबहादुरले विन्ध्यवासिनी माताको अवशेष नेपाल ल्याएका हुन् भन्ने विषयसँग मेल खान्छ ।

विन्ध्यवासिनी माताको अवशेष नेपाल ल्याइएको घट्नाजस्तै बाहिर नआएका थुप्रै इतिहास आम मानसपटलमा हुन सक्छ । तर यस्ता विषयहरूको खोजी गरी इतिहासमा अङ्कित गर्नेतर्फ इतिहासकारहरूको ध्यान नपुग्नु विडम्बना नै भन्नुपर्छ । विगतमा आजजस्तो सञ्चार संसाधन उपलब्ध थिएन । सञ्चार जगत्को चिन्तनमा यस्ता ऐतिहासिक धरोहरको उत्थानतर्फ ध्यान पुग्नुपर्दछ । सदीयौंदेखि वृद्धवृद्धाका संस्मरणहरू जुन कथाका रूपमा पुस्तान्तरण हुँदै आइरहेको छ, त्यो बाहिर ल्याउनुपर्दछ ।

२१औं शताब्दीमा देशको दिगो विकासमा पर्यटन क्षेत्रको योगदान महत्त्वपूर्ण मानिएको छ । यद्यपि सरकार तथा सरोकारवाला निकायको सुस्त मनस्थितिका कारण अपवादबाहेक अनेकौं ऐतिहासिक तथा धार्मिक स्थलहरू ओझेलमा छन् । संरक्षण तथा उत्थानको पर्खाइमा छन् । स्थानीय सरकारहरूको भूमिका पनि प्रगतिउन्मुख देखिंदैन । विन्ध्यवासिनीलगायत ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका यस्ता तीर्थ



रणबहादुर शाह ।

स्थलहरूको प्रवर्द्धन गर्न सके सामाजिक र आर्थिक उन्नतिको भरपूर स्रोत बन्न सक्छ ।

सदीयौंदेखि विन्ध्यवासिनी मन्दिरका लागि पुजारीको नियुक्ति गुठीद्वारा हुँदै आएको छ । पछिल्लो समय नियुक्त भएका दुई पुजारीमध्ये पुरुषोत्तम उपाध्यायसँग भएको कुराकानी तथा रणबहादुर शाह बारे विभिन्न पुस्तकबाट सङ्कलन गरिएको तथ्यहरूको आधारमा तयार पारिएको यो आलेख प्रस्तुत छ ।

**पुरूषोत्तम उपाध्याय (पुजारी)**

ॐ जयन्ती मङ्गलाकाली भद्रकाली



कपालिनी/दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोस्तुते ।

'जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री तथा स्वधा' नामले प्रसिद्ध हे जगदम्बे ! तपाईंहरूलाई कोटिकोटि प्रणाम गर्दछु ।

राजेशजी तपाईंले यस मन्दिरको इतिहाससम्बन्धी सोधीखोजी गर्नुभयो, यो पनि माताकै कृपा हो । त्यसैले आदिशक्ति भगवती विन्ध्यवासिनी माताले तपाईं लगायत प्रतीक परिवारलाई अशेष आशिष दिऊन् भनी मातासँग कामना गर्दछु ।

बुबा (स्व. रघुनाथ उपाध्याय) को शारीरिक अवस्था कमजोर भएपछि म विसं २०५८ देखि पूजापाठमा बुबालाई सघाउँदै आएको थिएँ । विसं २०६३ मा बुवाको स्वर्गारोहण भएपछि गुठीबाट आधिकारिक पुजारी नियुक्त भएँ । विन्ध्यवासिनी माताको शक्तिपीठ पर्सा जिल्लामा स्थापना हुनुको पछाडि माताकै कृपा हो । राजा रणबहादुर शाह केवल माध्यम थिए ।

अब आउँ मूल प्रसङ्गतर्फ– तत्कालीन राजा रणबहादुर शाह धार्मिक प्रकृतिका सिद्ध राजा थिए । रणबहादुर शाह राजपाट छोडेर धार्मिक यात्राको लागि दरबारबाट प्रस्थान गरे । राजा नितान्त सर्वसाधारण नागरिकझैं सन्यासीको वेशभूषामा थिए । उनी पर्सा जिल्लाको अलौ आइपुगे । त्यहाँबाट डोली चढेर प्रस्थान गरे । डोलेहरू अलौका थिए । प्रथमतः उनी पितृतर्पण कर्मको सिलसिलामा भारतको गया पुगे । पुरोहित खोज्न थाले । कर्मकाण्ड गराएबापत दक्षिणास्वरूप अन्नपात, आभूषण र नगद आदि पण्डाहरूको माग थियो । दक्षिणामा केवल सय ग्राम जौ मात्र पाउने कुरा सुनेपछि कोही पनि कर्मकाण्ड गराउन तयार भइरहेका थिएनन् । यद्यपि राजालाई कुनै उद्वेग थिएन । किनभने उनलाई पण्डाहरूको परीक्षा पनि लिनु थियो ।

केवल सय ग्राम जौ लिएर न कुनै पण्डा पूजा गराउन तयार भयो, न राजाले त्योभन्दा बढी दिने कुरा गरे । अर्का एक पण्डा नजीक आएर सोधे– "दक्षिणामा के दिने ?" राजाले भने– सयग्राम जौ । 'बिचरा गरीब मानिस होला, ऊसँग केही छैन भन्ने कुरा पण्डाले मनमनै विचार गर्दै पिण्डदान गराउन तयार भए । पूजा सम्पन्न भएपछि दक्षिणा दिएर पण्डाको बिदाई गर्ने बेला आयो ।

राजाले खुकुरी राख्ने दापबाट पण्डाबाबाको गम्छामा जौ खसाली दिए । जौ देखेर पण्डाबाबा आश्चर्यचकित भए । किनकि त्यो खेतमा फल्ने जौ थिएन । त्यो त सुनको जौ थियो । पुरोहितले आश्चर्यचकित मुद्रामा तलदेखि माथि हेर्दै सोच्न थाले–"पक्कै पनि यो साधारण मानिस होइन, अवश्य ठूलै मानिस हुनुपर्छ ।" पण्डाले राजालाई वास्तविक परिचय बताउन आग्रह गरे । धेरै बेर सोचविचार गरेपछि उनले आफू नेपालको राजा भएको जानकारी दिंदै अन्य कसैलाई नभन्न आग्रह गरे । सोही बेलादेखि रणबहादुर शाहले नेपाली जनताको हितमा 'लाल मोहरिया पण्डा' को चलन स्थापित गरेको मानिन्छ । यसैगरी भारतका अन्य धार्मिक स्थलहरूमा पनि लाल मोहरिया पण्डाको उदय भयो ।

(बाँकी चौथो पातामा)

# द्रोण पर्व-४६



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

उनीहरूको यस्तो पराक्रम हेरेर कोही कोही राजाले भन्न थाले-एक्लै दुर्योधनको अपराधले नै सम्पूर्ण सेना, राजा धृतराष्ट्र र सम्पूर्ण भूमण्डल विनाशतिर बढिरहेको छ तर राजा धृतराष्ट्रको मगजमा यो कुरा अझसम्म पस्न सकिरहेको छैन ।

कौरव पक्षका वीरहरू यस प्रकारको कुरा गरिरहँदा सूर्यनारायण अस्ताचल तिर ढल्दै गइरहेका थिए । त्यसैले अर्जुन बडो तीव्र गतिमा जयद्रथतर्फ हानिँदै गइरहेका थिए । कोही पनि वीर योद्धाले उनलाई रोक्न सकिरहेको थिएन । उनले सम्पूर्ण सेनालाई आच्छु-आच्छु पारेका थिए । श्रीकृष्ण सेनालाई कुल्चिँदै बडो तीव्र गतिमा रथ हाँकिरहेका थिए र आफ्नो पाञ्चजन्य शङ्खको ध्वनि गर्दै गइरहेका थिए । यो हेरेर शत्रु पक्षका रथीहरू धेरै उदास हुन पुगे । उडिरहेको धूलोको कारण यति बेला सूर्य भगवान् पनि ढाकिएका थिए तथा वाणहरूबाट व्यथित भएका कौरव सेना श्रीकृष्ण र अर्जुनलाई देख्न पनि सकिरहेका थिएनन् ।

सञ्जयले भने-राजन्, अब श्रीकृष्ण र अर्जुन निर्भय भएर आपसमा जयद्रथको वध गर्ने विषयमा कुरा गर्न थाले । त्यो सुनेर शत्रु अत्यन्त भयभीत हुन पुगे । उनीहरूले आपसमा भनिरहेका थिए-जयद्रथलाई छजना महारथीहरूले आफ्नो बीचमा पारेका छन् तर एक पल्ट उनीमाथि दृष्टि परेपछि हाम्रो हातबाट बाँच्ने छैनन् । यदि देउताहरूका साथमा इन्द्र स्वयं उनको रक्षा गर्न आए पनि उनलाई नमारी छाड्दैनौं । त्यति बेला ती दुवैको मुखको कान्ति हेरेर तपाई पक्षका वीरहरूले ठान्न थाले-यिनीहरूले आज अवश्य नै जयद्रथलाई मारिदिनेछन् ।

यसै बेला श्रीकृष्ण र अर्जुनले सिन्धुराज जयद्रथलाई देखे र हर्षले गर्जना गरे । उनीहरूलाई जयद्रथतिर बढिरहेको देखेर तपाईंका पुत्र दुर्योधन जयद्रथको रक्षा गर्न उनीहरूको अगाडि भएर गए ।

आचार्य द्रोणले दुर्योधनलाई विशेष प्रकारको कवच बाँधिदिएका थिए । अतः दुर्योधन एक्लै रथमाथि चढेर सङ्ग्रामभूमिमा आइपुगे । जति बेला तपाईंका पुत्र अर्जुनलाई नाघेर अघि बढे तपाईंको सम्पूर्ण सेनामा खुशीले बाजा बज्न थाल्यो । अनि श्री कृष्णले भने-अर्जुन, हेर, आज दुर्योधन हामीभन्दा पनि अगाडि बढिसकेको छ । मलाई यो बडो अद्भुत लागिरहेको छ । लाग्दछ यसको समान अर्को कोही रथी छैन । अब समयानुसार उसको साथ युद्ध गर्न म उचित ठानिरहेको छु । आज यो अर्को लक्ष्य बनेको छ-यसलाई आफ्नो सफलता नै बुझ, होइन भने यो राज्यको लोभी तिमीसित युद्ध गरेर मर्न किन आउँथ्यो ? आज सौभाग्यले यो तिम्रो वाणको निशाना बनेको छ । त्यसैले यस्तो केही गर जसले शीघ्र प्राण त्याग गरोस् । पार्थ, तिम्रो सामना त देउता, असुर र मानिससहित तीनै लोकले पनि गर्न सक्दैन, एक्लो यस दुर्योधनको के बिसात ? यो सुनेर अर्जुनले भने-बेस, यदि यति बेला मैले यो काम गर्नु नै छ भने तपाई जम्मै काम छाडेर दुर्योधनतिर लाग्नुस् ।

यस प्रकार कुरा गर्दै श्रीकृष्ण र अर्जुन प्रसन्न भएर राजा दुर्योधनतिर आफ्नो सेतो घोडा हाँके । यस महासङ्कटको बेला पनि दुर्योधन तर्सेनन्, उनले उनीहरूलाई आफू नजिक आउन दिएनन् । यो देखेर उनको पक्षको सेना उनको प्रशंसा गर्न थाल्यो । राजालाई नै सङ्ग्रामभूमिमा लडाई गरिरहेको देखेर तपाईंको सेनामा ठूलो कोलाहल हुन थाल्यो । यसबाट अर्जुनको क्रोध झन् बढ्यो । उता दुर्योधन हाँस्दै अर्जुनलाई युद्ध गर्न हाँक दिन थाले । श्रीकृष्ण र अर्जुन पनि उल्लसित हुँदै गर्जना गर्दै शङ्ख बजाउन थाले । उनीहरूलाई प्रसन्न हेरेर तपाई पक्षका जम्मै सेना दुर्योधनको जीवनबाट निराश भएर कराउन थाले-हरे, महाराज मृत्युको पञ्जामा परिहाले । उनीहरूको कोलाहल सुनेर दुर्योधनले भने-तिमीहरू नडराऊ, म अहिले नै कृष्ण र अर्जुनलाई मृत्युको मुखमा पठाइदिन्छु ।

यति भनेर उनले तीनवटा तीखो वाण अर्जुनमाथि हाने र चारवटा वाण हानेर घोडाहरूलाई व्यथित पारे । अनि दशवटा वाण श्रीकृष्णको छातीमा हाने र भल्ल नामक एउटा शस्त्र हानेर उनले हातको चाबुक काटिदिए । अर्जुनले यो हेरेर बडो सावधानीका साथ उनीमाथि चौहद्धवटा वाण हाने तर ती वाणहरू दुर्योधनले धारण गरेको कवचबाट ठक्कर खाएर जमीनमा खस्न पुगे । यो हेरेर श्रीकृष्णले अर्जुनसित भने-आज त यो अनौठो कुरा हुँदैछ, हेर तिम्रा वाणहरू त शिलामा हानेझैं कुनै काम गरिरहेको छैन । तिम्रा वाणहरू त वज्र समान भयङ्कर र शत्रुको शरीरमा छिर्ने खालका हुन्छन तर कस्तो विडम्बना ! आज यी वाणहरू केही गर्न सकिरहेका छैनन् । अर्जुनले भने-श्रीकृष्ण, लाग्दछ, यस्तो शक्ति दुर्योधनलाई आचार्यले दिएका छन् । दुर्योधनको कवच धारण गर्ने शैलीका कारण मेरो वाणबाट पनि अभेद्य छ । यसको कवचमा तीनै लोकको शक्ति समाहित छ । यसलाई ध्वस्त पार्ने एक मन्त्र, मात्र आचार्यलाई थाहा छ, र उनको कृपाले मलाई पनि त्यसको ज्ञान छ ।

क्रमशः

**रणबहादुर........**

गयाबाट काशी (बनारस), प्रयागराज तथा विन्ध्याचल आदि विभिन्न तीर्थस्थल जाने राजाको योजना थियो । धार्मिक स्थलहरूको भ्रमण गर्दै अन्ततः उनी विन्ध्याचल पुगे । राजाले विन्ध्यवासिनी मातासँग पत्नीको रोग तथा राज्यको कलह आदि निवारण हेतु प्रार्थना गरे, उपासना गरे र व्रत बसे । उपासनाको क्रममा राजाले माताको वास नेपालमा पनि होस् भन्दै अनुनय गरे । राजालाई माताको आशीर्वचन आभास भयो ।

राजाले माताको आशीर्वचन डोलेहरूलाई अवगत गराउँदै भने-“माताको अवशेष लिएर यहाँबाट हिंडेपछि जहाँ सूर्योदय हुन्छ त्यहीं माताको निवास हुन्छ ।” राजासहित सबैजना माताको कृपाप्रति कृतज्ञ भए । मन हर्षित थियो । यद्यपि विन्ध्याचल पर्वतबाट बिहान हिंडेपछि भोलिको सूर्योदयसम्म अर्थात् २४ घण्टामा आफ्नो क्षेत्रमा पुग्ने विश्वास पटक्कै थिएन । त्यसैले तनाव हुनु स्वाभाविक थियो । अन्ततोगत्वा माताको अवशेषसहित सूर्योदयपश्चात् डोली लिएर नेपालको लागि प्रस्थान गरे । दिनभरि हिंड्ने क्रम चलिरहयो । गोधुलीको बेला थियो । राजा चिन्तन मुद्रामा माताको सुमिरन गर्न थाले । उज्यालो नहुँदै जब उनीहरू चेतनामा आए, तब डोलीसहित उनीहरू एउटा गाउँमा थिए । तर कहाँ र कुन गाउँमा थिए ? थाहा थिएन । स्थानीय मानिससँग सोधेपछ गर्दा आफ्नो क्षेत्रमा प्रवेश गरिसकेको कुरा थाहा भयो । त्यसपछि सबै दङ्ग परे । जय माताको स्वर गुञ्जित भयो । स्थानीयहरू पनि पछि-पछि हिंड्न थाले ।

अलौका डोलेहरू आफ्नो गाउँ नजीक आइपुगेकोले खुशीले गद्गद् भए । अहिलेको पर्साको अमरपट्टी गाउँ सोही बेलादेखि अमरपट्टी नामले चिनिन थालेको पुर्खाहरू भन्छन् । त्यसपछि डोलीमा विराजमान विन्ध्यवासिनी माताको जयजयकार गर्दै सबैजना हिंड्न थाले । जहाँ उज्यालो भयो, सोही ठाउँमा डोली राखियो । डोली राखिएको गाउँ थियो, पर्साको बर्वा । पूजापाठ गरेर माताको स्थापना भयो । त्यसपछि बर्वा नै विन्ध्यवासिनीको नामले प्रसिद्ध भयो ।

शुरुमा मन्दिर सानो आकारको थियो । स्थापनाकालको धेरै वर्षपछि मण्डपको आकारमा मन्दिरको निर्माण भयो । विसं २०२६ ताका राजा महेन्द्रको पालामा सरकारी स्तरबाट मन्दिर तथा धर्मशाला निर्माण भयो । तत्कालीन नेपालका राजगुरुले मन्दिरको शिलान्यास गरेका थिए । पुर्खाहरूका अनुसार मन्दिर निर्माण यथास्थानबाट थोरै पर सार्ने काम भएको थियो । दिनमा निर्माण हुन्थ्यो, राती भत्किन्थ्यो । अन्ततः मातासँग क्षमा याचना गरी पुनः यथास्थानमा निर्माण गरियो जुन अहिलेसम्म तटस्थ छ ।

दैनिक बिहान र बेलुका माताको पूजापाठ र आरती हुन्छ । नैवेद्यमा फल र मिठाई आदि भोग लगाइन्छ । असोजको बडादशैं तथा चैते दशैंमा दश दिनसम्म विधिपूर्वक पूजापाठ हुन्छ । गाउँ तथा अन्य ठुँ्रै ठाउँका भक्तजन नौ दिनसम्म पूजामा सहभागी हुन्छन् । मन्दिरको नियमित तथा दशैंको अवसरमा हुने पूजाबाहेक भक्तजनको अनुरोधमा गत वर्ष झन्डै १५१ जना भक्तजनको नाममा सङ्कल्प गरी जमरा आदि राखेर पूजा भएको थियो । यस वर्ष अहिलेसम्म झन्डै सयजना भक्तले आआफ्नो स्थान सुरक्षित गरेका छन् । यस वर्ष २५१ जना भक्तजनको पूजा गर्न सकिने ठाउँको बन्दोबस्त गरिदैछ । पूजापाठमा लाग्ने सामग्री तथा दक्षिणा गरी रु ७०५ तोकिएको छ । भक्तजनलाई जमरा, तामाको कलश, टीका तथा प्रसाद वितरण गरिने छ ।

**माता विन्ध्यवासिनीको उत्पत्ति**

मार्कण्डेय पुराणका अनुसार माता दुर्गाले सम्पूर्ण देवीदेउतालाई, राक्षसहरूको संहार गर्न उनी अवतार लिनेछिन् । वाचा अनुसार उनको जन्म भयो । सोही दिन देवकी र वसुदेवका आठौं पुत्रको रूपमा भगवान् कृष्णको पनि जन्म भएको थियो ।

जब कंसले माताको हत्या गर्न खोज्यो तब देवी दुर्गाले तुरुन्त आफ्नो असली रूपमा प्रकट भइन् र कंसलाई चेतावनी दिंदै भनिन्-“तिम्रो वध गर्ने बालक गोकुलमा सुरक्षित छ ।” यति भन्दै उनी अन्तर्ध्यान भइन् । मान्यता अनुसार सोही बेलादेखि विन्ध्याचल पर्वतमा आदिशक्ति विन्ध्यवासिनी माता विराजमान छिन् । आजको उत्तर प्रदेशको प्रमुख तीर्थस्थल विन्ध्याचलबाट देवीको अवशेष ल्याएर तत्कालीन राजा रणबहादुर शाहले पर्साको विन्ध्यवासिनीमा स्थापित गरेका हुन् ।

**रणबहादुर शाह**

पृथ्वीनारायण शाहका नाति तथा प्रताप शाहका छोरा रणबहादुर शाह नेपालका तेस्रो शाहवंशीय राजा थिए । विसं १८३२ मा जन्मेका उनी बुवा प्रताप शाहको स्वर्गारोहणपछि केवल अढाई वर्षको उमेरमा नेपालको राजा भए । उनकी माता राजेन्द्रलक्ष्मीले अभिभावकका रूपमा नायबी पद ग्रहण गरेर शासनको बागडोर हातमा लिइन् । राजेन्द्रलक्ष्मीको देहान्तपछि रणबहादुर शाहका काका बहादुर शाहले रणबहादुरको नायबी ग्रहण गरे । रणबहादुर शाहले विसं. १८५१ वैशाखमा नयाँ भारदारी सभा गठन गरेर शासनसत्ता आफ्नो हातमा लिएको कुरा इतिहासकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

कुल परम्पराविपरीत राजाले एकजना ब्राह्मण विधवा महिला कान्तिवति मिश्रसँग विवाह गरे । उनले कान्तिवतिबाट जन्मने छोरालाई राजा बनाउने वाचा गरेर विवाह गरेका थिए । कान्तिवतिबाट गीर्वाणयुद्धको जन्म भयो । कान्तिवतिलाई त्यति बेला बिफर रोगले समात्यो । उनले आफू जीवित छँदै आफ्नो छोरा गीर्वाणलाई राजा बनाउन जोड दिन थालिन् । सो कामको लागि रणबहादुरले पाल्पाका राजा पृथ्वीपाल सेनलाई काठमाडौं बोलाई गीर्वाणयुद्धको राज्याभिषेक गराए । जेठो छोरा रणोद्योत शाह हुँदाहुँदै विसं १८५५ माघ शुदि १५ रोज ४ मा त्यस विषयको ताम्रपत्रमा ९४ जना प्रतिष्ठित भारदारहरूको सही गराएर रणबहादुर शाहले राजपाट त्यागे । गीर्वाणयुद्ध विक्रमलाई राजा बनाई जोगी बनेर हिंडे ।

रानी कान्तिवतिको स्वास्थ्य अवस्था बिग्रँदै गएकोले देवीदेवताको भाकल, दान, स्वस्ति शान्ति गराउन थालियो । त्यो रोग निको पार्न विभिन्न भाकल गरी देवीदेउताको पूजा गर्न थाले । पाँच वर्षपछि विसं. १८६० मा पुनः भीमसेन थापासहित बनारसबाट नेपाल फर्किएर उनले शासनसत्ता हातमा लिने कोशिश गरेको इतिहासकारहरूले लेखेका छन् ।

# बूढो भइयो र !!



कुरोको चुरो

मुकुन्द आचार्य

अचेल सबको मुखमा सकारात्मक सोचको रेडिमेड टैग झुन्डिएको देखिन्छ । ‘जे भए पनि सकारात्मक सोच राख है’ को उपदेश दिने मुखहरू चालू भइहाल्छन् । सोच फेर्न त्यति सजिलो कहाँ हुन्छ र ! लुगा फेरेजस्तो हो र, सोच फेर्नु ? वाहियात, जे मुखमा आयो त्यै बोल्छन् ।

मेरो उमेर अहिले सत्तहत्तरी वर्ष भएछ, यो मेरो गणना होइन, जन्मकुण्डलीले यस्तै भनेको छ । मान्नै पर्‍यो । हाम्रो वर्तमान समाजको सोचमा म बुढेसकालको सिंढीमा धमाधम उकालो चढ्दैछु रे ! सगरमाथामा हिलारी चढेजस्तै !

सामान्यतया कसैले पनि आफूलाई बूढो सम्बोधन गर्दा ऊ रिसाउँछ, रमाउँदैन । तर नयाँ फेशनमा पत्नीले पति भनिने प्राणीलाई ‘ए बूढा !’ भन्दा पति खुशी नै हुन्छ । नयाँ बेहुली पनि कसैकी बूढी भनिंदा खुशी नै हुन्छे । कलियुगको कला हो ।

त्यति मात्र कहाँ हो र ! अचेलका स्मार्ट छोराछोरी बिहेपछि एकअर्कालाई बेब-बेबी भन्छन्- प्रेमले लाडिएर जिस्किएर, मस्किएर... ! पतिदेव वा स्वामी भन्दैनन् । समय-समयको खेल ! नारायण हरि ! नारायण !!

समयले घचेट्दै लगेपछि सतहत्तरी वर्षीय बालकलाई मान्छेले निस्सङ्कोच बूढो भन्न थाले । कहिलेकाहीं त मलाई पनि लाग्छ, ए राते ...साँच्चै बूढो भइयो र ?

एक दिन त उल्कै भयो । चश्मा कता गयो भनेर म धुइँपताल खोज्दै थिएँ । खोजें, सबैतिर खोजें, तर चश्मा भेटिएन । कता छुटेछ, कहाँ छाडें मैले, कस्तो हुस्सुपन मेरो... भनेर आफैलाई मनमनै हप्काउँदै थिए ।

यस्तैमा मेरो सानो नातिले सामुन्ने आएर ताली बजाउँदै ‘बुबा ! हजुरले चश्मा किन टाउकोमा लाएको ? चश्मा त आँखामा पो लाउनुपर्छ ! बुबा पनि कस्तो मान्छे होइसिन्छ ! अनि मरीमरी हाँस्यो ।

ए हो र ? भन्दै मेरो हात भस्मासुरको हातझैं आफ्नै टाउकोमा पुग्यो । कतिखेर चश्मालाई मैले शिरको शोभा बढाउन शिरोधार्य गरें पत्तै चलेन । लौ बा, साँच्चै बुढ्यौलीले छोएछ, भन्ठानें । सुद्धि हराउन थाल्यो भन्ने शुद्धि आयो ।

के तपाई पत्याउनुहुन्छ ? पैन्टको चेन लाउन त प्रायः म बिर्सन्छु । तर आजसम्म कसैले आँट गरेन, यसो भन्न-“हेलो तपाईंको पोस्टबक्स खुला छ ।” मलाई स्वयं लघुशङ्का निवारण गर्न जानुपर्दा पो चाल पाइन्छ, चेन त लाउनै भुलेछु । त्यतिखेर म फेरि झस्कन्छु- लौ हेर, चेन नलाएरै म त कहाँकहाँ चहारेर आइपुगें । लाजै मर्नु भयो । हे हरि !!

एकपल्ट त झन उल्कै भयो, म कुनै काम विशेषले कुनै कार्यालयमा पुगें । हाकिमको कोठामा बडेमानको सोफामा भासिएर बसेपछि पो देखें- आफ्नो चरणपादुका (जसलाई अचेल जुत्ता भन्छन्) तिर दृष्टि गयो ! हेर्छु त यौटा चरणमा मोजा भनिने वस्तुको नितान्त अभाव अनुभव भयो । यति हुँदा पनि मैले आफूलाई छाती ठोकेर बूढो मान्ने आँट गर्न सकिनँ । कसैले चाल नपाओस् भनेर बिस्तारै, हतपत्त नगर्दै चरणको व्यवस्था मिलाएर ढाकछोप गरें । मेरो यस शैलीलाई रामदेवले चाल पाए भने -चरण आच्छादान आसन भनेर आफ्नो योगको ज्ञानवृद्धि गर्ने थिए ।

अर्को रमाइलो के छ भने भातभन्दा बढी अचेल औषधि खाइन्छ । तै पनि मलाई बूढो भन्ने ? औषधि खाएपछि बूढ्यौली भाग्छ र ?

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

*गताङ्कको बाँकी ...*

भाइकाजी : यो भिनाज्यू पनि नपत्याउँदो पाराले कमेडी गर्नुहुँदो रहेछ ।

सुशीला : ल ल धारामा पानी सुकिसक्यो होला । बाहिर इनारमा छ पानी उतै चुटे हुन्छ । ल भाइ तँ पनि सुतिहाल् । भोलि बिहान दिदीभाइ घडीअर्वा पोखरीतिर मर्निङ वाकमा जानुपर्छ ।

भाइकाजी : वाक् स्वाकतिर होइन । म चाहिँ गाउँतिर लाग्छु दिदी ।

०००

समय :बिहानी पख । स्थान : हवल्दारको डेरा ।

भाइकाजी घर फर्कन लागेको छ । दिदी, भिनाज्यू र भान्जी उषा भाइकाजीलाई बिदा गर्न आँगनमा भेला भएका छन् ।

सुशीला : भाइ, दिदी भिनाज्यूले सहयोग गरेन भनेर मन नदुखा है । मैले भनेझैं आफ्नै गाउँघरमा पौरखी गर् । हामी पनि तेरो भिनाज्यू रिटायर्ड भएपछि गाउँतिरै आउँछौं होला । ( इमानसिंहतिर हेरेर ) अँ के हेरिरहनुभएको ? भाइलाई दुई तीन सय बाटो खर्च दिनुपर्दैन ?

इमानसिंह : ए हो त है , म त कस्तो भुलक्कड ।

खल्तीबाट पर्स निकालेर नोट छानेर सय रुपियाँ दिन लाग्दा सुशीलाले पर्स हातैबाट खोसेर अर्को एक सय थपेर दुई सय बनाएर दिन्छे ।

सुशीला : ला भाइ, उषा मामालाई एम्बेसी गेटसम्म छोडेर आइज् जा ।

उषा : ला मैले त तरकारी बसाइसकें । बरु बाबा जानु भए हुन्थ्यो ।

इमानसिंह : ल ल हिंड, मेरो सालोलाई म आफैं छाडिदिन्छु । लौ हिंड ।

भाइकाजी : ल त है दिदी, भान्जी म गएँ । घरतिर पनि यसो आउँदै गर्नुहोला । अब त पहिलेजस्तो खोला तर्नुपर्दैन । पक्की पूल बनिसकेको छ । ल म गएँ ।

(प्रस्थान गर्छ)

सुशीला : ( आफैसित ) दिदी-भिनाज्यूले शहरमा बसेर टन्न कमाएको छ भनेर आएको होला । आफू भने सधैं जस्ताको तस्तै ।

घरभेटीबा : एई हवल्दारनी बहिनी, आज बिहान त तिम्रो भाले बासेको सुनिएन नि ? कि हिजै राति सबैजना मिलेर चपाइसक्यौ ?

सुशीला : अनि के त, घरभेटी बालाई आधा किलो जति लग्नु भनेकै थिए नि । लोकल भालेको मासु कम मीठो हुन्छ त । आहा ! स्वाद त मेरो मुखैमा झुन्डिरहेको छ ।

घरभेटीबा : भो भो धाक लगाउनुपर्दैन । हामीले पनि पहाडमा छँदा खाएकै हो लोकल भाले । यता शहरमा पो महँगो भएकोले खाइँदैन । खोइ त उषा नानी ? उसले पनि टन्न खाइहोली होइन त ?

उषा : किन नखानु । आहा ! अहिले पनि स्वाद ओठैमा छ ।

घरभेटीबा : किन उषा नानी ? राति मुख नचुटी सुत्यौ कि क्या हो ?

उषा : छि : यो बुढो कति छिल्लिएको । अहिले बज्यैले सुन्यो भने कान समातेर चोटामा पुऱ्याउँछे ।

सुशीला : उषा हिजोको हड्डीखुट्टी के गरिस् ?

उषा : राखेकी छु । पल्लो घरको पाड्ग्रेलाई दिनुपर्छ मामु ।

घरभेटीबा : ए उषा नानी, आफ्नै घरको सुमोलाई नदिएर किन पल्लो घरको भुसियालाई दिनुपर्‍यो ?

उषा : घरभेटी बा, सुमोलाई हाड चपाउने बानी छैन होला । भरे अड्केला मात्र । म त पाड्ग्रेलाई नै दिन्छु ।

घरभेटीबा : खोइ, लेऊ म आफैं लगेर खुवाउँछु ।

बूढोले घिनाउँदै भएपनि पोलेथिनको झोलामा जम्मा गरेको हाडछाला लिएर जान्छ र आफ्नो कुकुरलाई खुवाउँछ ।

खा बा खा, तेरो घरमा त अब कि माघे सङ्क्रान्तिमा, नभए दशैंमा मात्र पाक्छ मासु । मौकामा खाइहाल ।

०००

समय : बिहानी पख । स्थान : अङ्कितको घर ।

अङ्कित आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रहरू मिलाउँदै छ ।

अङ्कित : (स्वयंसित) एसएलसीको मार्कसीट, यो प्लसटुको मार्कसीट र यो ब्याचलरको । चारित्रिक प्रमाणपत्र पनि खोइ भन्ने हो कि ? ल सबै राखें । नौ पनि बज्न लागेछ हिंडनुपर्ला । हजुरआमा, म निस्किएँ है ।

वृद्धा : पहिले यता आइज । पूजाको प्रसाद खाएर जा। (टीका लगाइदिन्छे र प्रसाद खुवाइदिन्छे ) रिक्सा चढ्ने पैसा छ कि छैन ?

अङ्कित : हजुरले अस्ति दिनुभएको होइन ? छ ।

वृद्धा : ल मेरो नाति केटाले चिताएको पूरा होस् । ( आशीर्वाद दिंदै ) अब जा ।

अङ्कित प्रस्थान गर्छ ।

समय : मध्याह्न । स्थान : वीरगंजको एउटा निजी बैंक ।

अङ्कित मौखिक परीक्षा दिएर फर्किरहेको छ ।

अङ्कित : (स्वयंसित) ब्याचेलर डिग्री छ। कम्प्युटरमा डिप्लोमा छ । टु व्हीलर लाइसेन्स छ । स्वस्थ र आकर्षक छु तापनि काम पाउन कति गाह्रो । कतै यसपालि केही होला कि ? अन्तर्वार्ता त राम्रो भएको छ । हैट ! बेरोजगारीको जीवन त साँच्चै बोझ नै हुँदो रहेछ ।

यस्तै तर्कनाहरूसित खेल्दाखेल्दै अङ्कित घर आइपुगेको छ । हजूरआमा, कता हुनुहुन्छ ?

वृद्धा : म भान्सामा छु अङ्कित । चिया खान्छस् ?

अङ्कित : हजुर छ भने खाउँ न ।

अङ्कित थकित अवस्थामा कुर्सीमा थ्याच्च बस्छ ।

अङ्कित : (खल्तीको मोबाइल झिकेर हेर्दा उषाको पाँचवटा मिसकल हुन्छ । उसले पहिले त कल ब्याक गर्न खोज्छ तर पछि आफैसित) मैले उषाको सङ्गत छाड्नैपर्छ । अहिले मेरो प्रेम गरेर हिंड्ने अवस्था छैन । पहिले म आफ्नो कैरियर बनाउँछु । जसरी भएपनि एउटा जागीर खोजेर गर्नुपर्छ मैले । अरू कुरा पछि सोचौंला ।

हजुरआमाले चिया बिस्कुट ल्याएर दिन्छिन् ।

हजुरआमाको सेवा गर्नुपर्ने बेलामा उल्टै मैले हजुरआमालाई दुःख दिइरहेको छु ।

वृद्धा : मैले पनि सकुन्जेल गर्ने त हो नि बाबू ! थला परेपछि आफ्नै शरीर आफैलाई बोझ हुन्छ ।

अङ्कित : हजुरआमा, हजुर बिल्कुल चिन्ता नगर्नुहोला । म हजूरको सेवाटहल गर्छु । तपाईंको सेवा गर्ने, हेरचाह गर्ने जिम्मेवारी मेरो ।

समय : साँझ पख । स्थान : इमानसिंह हवल्दारको डेरा ।

उषा कसैसित नबोली सोफामा अँध्यारो अनुहार लगाएर बसेकी छे । नजीकै टिभी हेरेर बसेकी सुशीला उषातिर राम्ररी हेर्छे ।

सुशीला : एई उषा, आज त मुखमा बुजो लगाएर बसेकी छस् नि ? किन के भो ? हिंड् भात खान ।

उषा : मामु , मलाई एक्लै छाडिदिनोस् । आज मलाई खान मन छैन ।

सुशीला : किन ? अलिकता तातो खाएर सुत् ।

०००


क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय प्रम मोदी र जापानी प्रम सुगाबीच वार्ता

अमेरिका, ८ असोज/एएनआई

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र जापानी समकक्षी योशिहिदे सुगाले दुई



अमेरिकामा जापानी प्रधानमन्त्री योशिहिदे सुगाका साथ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी । फोटो : एजेन्सी

देशबीच रहेको बहुआयामिक सम्बन्धको समीक्षा गर्दै अफगानिस्तानसहित हालैको वैश्विक र क्षेत्रीय घटनाक्रममाथि छलफल गरेका छन् ।

वार्ताका अवसरमा दुई नेताले स्वतन्त्र, खुला र समावेशी हिन्द–प्रशान्त क्षेत्रप्रति प्रतिबद्धता दोहोऱ्याएका छन् । प्रधानमन्त्री सुगाले हालै पदभार ग्रहण गरेपछि प्रधानमन्त्री मोदीसँग यो पहिलो व्यक्तिगत भेटवार्ता हो ।

सो अवसरमा दुवै प्रधानमन्त्रीले मुम्बई–अहमदाबाद हाई स्पीड रेल (MAHSR) परियोजना शुरूआत र समयमैं यसको कार्यान्वयनका लागि आआफ्नोतर्फबाट प्रतिबद्धता जनाएका छन् ।

दुई नेताबीचको बैठक क्वाडको पहिलो शिखर सम्मेलनको एक दिन अगाडि भएको हो। यो संयन्त्र अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाबीच चार पक्षीय सहयोगसँग सम्बन्धित छ ।

विदेश मन्त्रालयका अनुसार उनीहरूबीच रक्षा उपकरण र प्रविधिको क्षेत्रसहित द्विपक्षीय सुरक्षा र रक्षा सहयोग बढाउनेबारे सहमति जुटेको छ ।

दुई प्रधानमन्त्रीबीचको पहिलो भेटवार्ता हार्दिक रह्यो। सेप्टेम्बर २०२० पछि सुगाले जापानको प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गरिसकेपछि उनस्हरूबीच तीनपटक टेलिफोन वार्ता भएको छ ।

प्रधानमन्त्री मोदीले भारत–जापान विशेष रणनीतिक र ग्लोबल पार्टनरसीपमा पछिल्ला केही वर्षहरूमा भएको ठूलो प्रगतिका निम्ति प्रधानमन्त्री सुगालाई विशेष धन्यवाद दिएका छन्। प्रधानमन्त्री मोदीले कोभिड–१९ महामारीबीच पनि सफलतापूर्वक टोकियो ओलम्पिकको आयोजना गरेकोमा प्रधानमन्त्री सुगा र जापानलाई विशेष बधाईसमेत व्यक्त गरेका छन् ।

सो अवसरमा दुवै प्रधानमन्त्रीले दुई देशबीच बढ्दो आर्थिक संलग्नताको स्वागत गरेका छन् ।

उनीहरूबीच यस वर्षको शुरूमा भारत, जापान र अस्ट्रेलियाबीच आपूर्ति शृङ्खला र लचकता पहल (एससिआरआई) को लचिलो, विविध र विश्वासिलो आपूर्ति संरचना सक्षम पार्न गरिएको प्रयासको स्वागत भएको छ ।

उक्त अवसरमा भारतीय प्रधानमन्त्री मोदीले निर्माण र क्षमता विकासका क्षेत्रमा काम गर्न दुई पक्षीय साझेदारी संरचना निर्माणको लागि जोड दिएका छन् ।

जापानी प्रधानमन्त्री सुगाले भारतीय प्रधानमन्त्री मोदीलाई दिएको जानकारी अनुसार यस वर्षको शुरूमा हस्ताक्षर गरिएको निर्दिष्ट कुशल श्रमिक (एसएसडब्ल्यु) सम्झौता सञ्चालन गर्न जापानी पक्षले २०२२ को शुरूदेखि भारतमा सीप र भाषा परीक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

दुई प्रधानमन्त्रीबीच कोभिड–१९ महामारी र यसलाई सम्बोधन गर्ने प्रयासबारे पनि छलफल केन्द्रित भएको छ । प्रधानमन्त्रीद्वयले डिजिटल टेक्नोलोजीको बढ्दो महत्त्वलाई जोड दिंदै यस विषयमा भारत–जापान डिजिटल पार्टनरसीपमा विशेष गरी स्टार्ट–अपमा भएको प्रगतिको सकारात्मक मूल्याङ्कन पनि गरेका थिए ।

त्यसैगरी दुई नेताबीच विभिन्न उदीयमान प्रविधिमा थप सहयोग बढाउनेबारे विचार आदानप्रदान भएको छ। जलवायु परिवर्तनका मुद्दा, हरित ऊर्जा सङ्क्रमण र भारतको राष्ट्रिय हाइड्रोजन ऊर्जा मिशनसँग जापानी सहयोगको सम्भावनाका विषयमा पनि छलफल भएको छ ।

दुई नेताले भारत–जापान एक्ट इस्ट फोरम अन्तर्गत भारतको उत्तर पूर्वी क्षेत्रमा द्विपक्षीय विकास परियोजनामा भएको प्रगतिको स्वागत गर्दै, यस्तो सहयोगलाई अझ बढाउने सम्भावनाको समेत उल्लेख गरेका छन्। रासस

## भारतमा थप ३१ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ८ असोज/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३१ हजार ३८२ जना नयाँ सङ्क्रमित फेला परेका छन् । योसँगै भारतमा अहिलेसम्म तीन करोड ३५ लाख ९४ हजार ८०३ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रवार बिहान दिएको जानकारी अनुसार नयाँ सङ्क्रमितमध्ये १९ हजार ६८२ जना केरलाका मात्रै रहेका छन् । भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या तीन लाख १६२ पुगेको छ । यो सङ्ख्या १८८ दिनपछिको सबैभन्दा कम हो । पछिल्लो समय भारतमा महामारी निकै कम हुँदै गएको छ । नयाँ सङ्क्रमित भएकाभन्दा सङ्क्रमितणमुक्त हुनेहरूको सङ्ख्या धेरै देखिएकोले सक्रिय सङ्क्रमितको सङ्ख्यामा कमी आएको हो ।

पछिल्लो २४ घण्टामा ३२ हजार ५४२ जना कोरोना भाइरसबाट सङ्क्रमितमुक्त भएको अधिकारीले जानकारी दिएका छन् । भारतमा अहिलेसम्म कुल तीन करोड २८ लाख ४८ हजार २७३ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। कोरोनाका कारण भारतमा अहिलेसम्म चार लाख ४६ हजार ३६८ जनाको मृत्यु भएको छ। तीमध्ये ३१८ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

### खोप नलगाएका शिक्षकलाई विद्यालयमा प्रतिबन्ध

तेल अबिब, ८ असोज/सिन्हवा/रासस

इजरायलमा कोरोना भाइरसविरुद्ध खोप नलगाएका शिक्षकहरूलाई विद्यालय आउन नदिने भनिएको छ ।

कोरोना परीक्षण गर्दा सङ्क्रमणमुक्त देखिए पनि खोप लगाएको छैन भने विद्यालय आउन नदिने निर्णय भएको शिक्षा मन्त्रालयले बिहीवार जनाएको छ।

सरकारले विद्यालय सञ्चालन गर्ने र त्यहाँ सहभागी सबैले कोरोना भाइरस विरुद्ध खोप अनिवार्य लगाएको हुनुपर्ने व्यवस्था गरेको छ । कोरोना भाइरसविरुद्ध खोप लगाएको कार्ड देखाएपछि मात्रै विद्यालय प्रवेश गर्न दिने व्यवस्था गरिएको अधिकारीहरूले जनाएका छन् ।

विद्यालयमा कोरोना भाइरसको महामारी नफैलियोस् भन्ने उद्देश्यले खोप नलगाएका शिक्षकलाई विद्यालय आउन नदिने व्यवस्था गरिएको उनीहरूले जनाएका छन् ।

त्यसैगरी यो निर्णयले सबैलाई कोरोना भाइरसविरुद्ध खोप लगाउन दबाब सिर्जना गर्ने पनि सरकारी अधिकारीहरूले विश्वास व्यक्त गरेका छन् । सरकारले देशभरि खोप अभियानलाई तीव्रता दिएको छ। विशेष गरेर शिक्षा क्षेत्रका व्यक्तिलाई अहिले खोपका लागि प्राथमिकता दिइएको छ।

## विदेशमन्त्री वाङ र अध्यक्ष अब्दुल्लाबीच वार्ता

बेइजिङ, ८ असोज/सिन्हवा

चिनियाँ स्टेट काउन्सलर एवं विदेशमन्त्री वाङ यीले बिहीवार संयुक्त राष्ट्रसङ्घको महासभाका ७६औं सत्रका अध्यक्ष अब्दुल्ला शाहिदसँग भिडियो माध्यमबाट वार्ता गरेका छन् ।

मन्त्री वाङले संयुक्त राष्ट्रसङ्घलाई कोभिड–१९ महामारीविरुद्ध लडाइँमा सहयोग र खोपको उचित वितरण, जलवायु परिवर्तनसँग लड्न र जैविक विविधता संरक्षण गर्न एवं दिगो विकासलाई बढावा दिन ठूलो सहयोग गर्न आह्वान गरेका छन् ।

यस वर्ष संयुक्त राष्ट्रसङ्घमा चीनको जनवादी गणतन्त्र (PRC) को वैधानिक सीटको पुन–संस्थापनाको ५०औं वार्षिकोत्सवको चर्चा गर्दै मन्त्री वाङले चीनको मत सधैं विकासशील देशको पक्ष र अन्तर्राष्ट्रिय न्याय र निष्पक्षताको समर्थनमा हुने बताएका छन् ।

शाहिदले चिनियाँ कम्युनिस्ट पार्टीको स्थापनाको १००औं वार्षिकोत्सव र संयुक्त राष्ट्रसङ्घको PRCको वैधानिक सीट पुनःसंस्थापनाको ५०औं वार्षिकोत्सवको अवसरमा बधाई दिंदै यस सत्रको मुख्य एजेन्डा संयुक्तरूपमा अगाडि बढाउन चीनसँग मिलेर काम गर्ने आशासमेत व्यक्त गरेका छन् । उक्त अवसरमा अध्यक्ष शाहिदले बेइजिङ शीतकालीन ओलम्पिकको पूर्ण सफलताको कामना पनि व्यक्त गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – अलमल |
| मिथुन – प्रसन्नता | कर्कट – पदोन्नति |
| सिंह – राज्यभय | कन्या – सङ्कट |
| तुला – नारीसुख | वृश्चिक – कडाश्रम |
| धनु – चोरभय | मकर – वाहनकष्ट |
| कुम्भ – राज्यलाभ | मीन – धनक्षति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## नेपालको नीति गरीबमुखी छ –प्रधानमन्त्री

काठमाडौं, ८ असोज/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले गरीबी र भोकमरीबाट जनताको जीवन रक्षा गर्न तथा अर्थतन्त्रलाई सबल बनाउन आफ्नो नेतृत्वको सरकारले गरीबमुखी एवं समावेशी नीति अङ्गीकार गरेको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घको ७६औं महासभाका सन्दर्भमा महासचिव एन्टोनियो गुटरेसले आज आयोजना गरेको खाद्य व्यवस्था सम्मेलनलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले जलवायु परिवर्तनका साथै कोरोना महामारीले खाद्य सुरक्षामा निम्त्याएका चुनौतीको सामना तथा अर्थतन्त्रको पुनरुत्थानका लागि त्यस्तो नीति अवलम्बन गरिएको बताए।

"विश्वमा प्रत्येक १० जनामा एक व्यक्ति कुपोषणको शिकार छ, कोभिड–१९ को महामारीले खाद्य सुरक्षा अझ बिग्रेको छ भने महामारीका कारण अल्पविकसित र भूपरिवेष्टित विकासशील देशमा खाद्य आपूर्ति सञ्जाल र खाद्यान्नको मूल्यमा वृद्धि भएको छ, कृषिमा रूपान्तरणकारी लगानीबाट नै सबैका निम्ति खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने" प्रधानमन्त्रीले भने ।

दिगो र उत्थानशील खाद्य व्यवस्था निर्माण तथा सन् २०३० सम्म भोकमरी शून्यमा झार्न अन्तर्राष्ट्रिय समुदायले आफ्ना प्रतिबद्धता पूरा गर्न जोड दिएको न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ।

सम्मेलनलाई ४५ राष्ट्रका राष्ट्र/सरकार प्रमुखसहित १२० जना वक्ताले सम्बोधन गरेका थिए ।

यसैगरी प्रम देउवाले नेपालले कोभिड–१९ सँग जुध्नका लागि स्वास्थ्य पूर्वाधार, अक्सिजन र अन्य अत्यावश्यक स्वास्थ्य सामग्री आपूर्तिलाई उच्च प्राथमिकतामा राखेको बताए ।

संयुक्तराज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले आज आयोजना गरेको 'ग्लोबल कोभिड–१९ समिट' मा प्रधानमन्त्री देउवाले भर्चुअल माध्यमबाट सम्बोधन गर्दै नेपालले कोभिड–१९ विरुद्ध खोपका लागि गरेका प्रयासबारे जानकारी गराए । उक्त सम्मेलन आयोजना गरेकोमा राष्ट्रपति बाइडेनलाई धन्यवाद दिंदै उनले नेपालले कोभिड–१९ को रोकथाम र नियन्त्रणका लागि परीक्षणको दायरा बढाउँदै कोरोना भाइरसको अनुवांशिक परीक्षणकोसमेत विकास गरेको उल्लेख गरे।

## छात्रवृत्तिका लागि दुईजना विद्यार्थीको छनोट

प्रमोद यादव, पचगावाँ, ८ असोज/




पटेर्वासुगौली गाउँपालिका–४ फरदवास्थित सानिमा बैंक पटेर्वासुगौली शाखाले आज एक कार्यक्रमबीच दुईजना गरीब जेहेन्दार परिवारका बालकलाई प्लस टु अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने छनोट समितिले जनाएको छन् ।

पर्साको ग्रामीण क्षेत्रका गरीब परिवारलाई उच्च शिक्षा हासिल गर्न बैंकले जारी गरेको सूचना अनुसार १० जनाले आवेदन दिएका र तीमध्ये एसइई परीक्षामा राम्रो अङ्क ल्याएर बैंकको अन्तर्वार्तामा सफल भएका दुईजना विद्यार्थीलाई छनोट गरिएको बैंकका शाखा प्रबन्धक अभय गुप्ताले बताए ।

नेरामावि सुगौलीदापकी हिना कुमारी र नेरामावि निचुटाका परवेज आलम छात्रवृत्ति पाउनेमा परेको उनले बताए । छनोट समितिको निर्णयपछि उनीहरूलाई कक्षा ११ मा वार्षिक ५० हजार र मासिक दुई हजार छात्रवृत्ति प्रदान गरिने उनले बताए । उनले कक्षा ११ मा राम्रो अङ्क ल्याएर उत्तीर्ण गरेमा दुवैजनालाई कक्षा ११ मा दिइएको छात्रवृत्तिको रकम दोहऱ्याउने जानकारी गराए ।

पूर्व शिक्षक महेन्द्र चौधरी, नेरामावि बेल्वाका मन्तुरा चौधरी र स्थानीय पत्रकार प्रमोद यादवको उपस्थितिमा दुईजना विद्यार्थीको छनोट गरिएको थियो।

## डिआइजीका नाममा पैसा उठाएको आरोपमा महिला पक्राउ

राकेश यादव, रौतहट, ८ असोज/

प्रदेश नम्बर २ का डिआइजीको नाममा रकम सङ्कलन गरेको आरोपमा रौतहटमा प्रहरीले एकजना महिलालाई पक्राउ गरेको छ ।

गरुडा नगरपालिका, बिर्तास्थित प्रहरी विद्यालयमा स्थायी जागीर लगाइदिने भन्दै २ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक उमेश रन्जितकारको नाममा पैसा सङ्कलन गरेको आरोपमा सर्लाही हरिवन नगरपालिका–११ की सुशीला थापा दाहाललाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी श्रीराम भण्डारीले बताए ।

पक्राउ परेकी महिलाले प्रहरी विद्यालय गरुडामा शिक्षक पदमा स्थायी नियुक्ति गराइदिने भन्दै पर्सा मणिपुरका उदासकुमार पाण्डेसँग ६ लाख रुपियाँ माग गरेकी थिइन ।

पाण्डेसँग भएको फोन संवादमा थापाले डिआइजी रंजितकारको नाममा सो रकम माग गरेको अडियो रेकर्डसमेत सार्वजनिक भएको थियो ।

प्रदेश प्रहरी प्रमुखले रकम मागेको भन्दै अडियो सार्वजनिक भएपछि थापालाई बिहीवार प्रहरी विद्यालयमा बोलाएका थिए। फोन रेकर्डमा सुनिएको आवाज आफ्नै भएको उनले स्वीकार गरिन्।

इलाका प्रहरी कार्यालय, गरुडाका डिएसपी भण्डारीले घटनाको छानबीनका लागि अहिले उनलाई नियन्त्रणमा राखिएको बताए ।

## सर्पदंशबाट किशोरीको मृत्यु

प्रस, ठोरी, ८ असोज/

सर्पदंशबाट पर्साको ठोरी गाउँपालिकामा एकजना किशोरीको ज्यान गएको छ ।

ठोरी गापा–२ बाँडागाउँ निवासी १४ वर्षीय सङ्गीता बोटको शुक्रवार बिहान सर्पदंशबाट मृत्यु भएको हो । ठोरी –२ स्थित सरस्वती मावि, गौतम नगरमा कक्षा ६ मा अध्ययनरत किशोरी बोटलाई बिहीवार राति सुतिरहेको समयमा सर्पले डसेको सरस्वती माविका प्रधानाध्यापक केशवप्रसाद रेग्मीले बताए। उनलाई राति करीब १० बजे उपचारका लागि ठोरी–४ स्थित सर्पदंश उपचार केन्द्र लगिएको र त्यहाँ उपचार सम्भव नभएपछि वीरगंज पठाइएको प्रअ रेग्मीले बताए ।

किशोरी बोटको आज बिहान ४ बजे नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको उनले जानकारी गराएका छन् ।

मृतक किशोरीको पिताको मृत्यु भइसकेको र आमा उनीसँग नबसेको कारण आफन्त गणेश बोटले उनको पालनपोषण गर्दै आएका थिए ।

## विजयादशमी असोज २९ गते १०:०२ बजे शुभ

काठमाडौं, ८ असोज/रासस

नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको बडादशैंका विभिन्न साइत सार्वजनिक गरेको छ।

असोज २१ गते बिहीवार बिहान ११:४६ बजे घटस्थापनाको साइत रहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले राससलाई जानकारी दिए। घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकोले ११:४६ बजे अघि चित्रा नक्षत्र र वैधृति योग शान्ति गरेर घटस्थापना गर्नुपर्छ ।

असोज २२ गते शुक्रवार झन्डा फेर्ने साइत ११:५६ बजे रहेको छ । पश्चिम फर्केर झन्डा फेर्नुपर्ने उनले जानकारी दिए । असोज २५ गते सोमवार पचली भैरव यात्रा गरिन्छ। असोज २६ गते मङ्गलवार फूलपाती परेको छ। फूलपाती बेलुकीको समयमा गरिने र यसको साइत आवश्यक नपर्ने अध्यक्ष प्रा अधिकारीले बताए ।

फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ । मूलचोकमैं भवानीलाई साक्षी राखेर महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यतर्फबाट बोका र राँगाको बलि दिइन्छ ।

तुलजा भवानी यात्राको साइत बिहान ७: ११ बजे रहेको छ। तुलजा भवानीलाई बिहान ८:४४ बजे स्थिरासन गराइन्छ। असोज २७ गते बुधवार महाअष्टमी, त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समितिले जनाएको छ ।

असोज २८ गते बिहीवार महानवमी पर्व मनाइन्छ। असोज २९ गते शुक्रवार विजयादशमी पर्व परेको छ । घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान ८:१९ बजे विसर्जन गरिने साइत छ । विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान १०:०२ बजेको साइत शुभ रहेको छ। टीका लगाउने मानिस पूर्व फर्कनुपर्ने समितिले जनाएको छ। त्यस दिनदेखि कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउन सकिन्छ ।

विजयादशमीका दिन बिहान ७:०१ बजे तुलजा भवानीलाई मूल चोकबाट मूल मन्दिरमा फिर्ती यात्रा गराइने साइत छ । तुलजा भवानीलाई बिहान ८:३२ बजे स्थिरासन गराइने साइत पनि समितिले निकालेको छ । खड्गयात्रा पनि यसै दिन गरिने छ । आश्विन शुक्ल पूर्णिमाका दिन कात्तिक २ गते सबै बलि पूर्ति गरिन्छ । त्यसै रात कोजाग्रत पूर्णिमा पर्व मनाइन्छ ।

# सरकारले किसानलाई दरिद्रतातर्फ धकेलेको छ –थापा

प्रस, चितवन, ८ असोज/ नेकपा एमाले स्थायी कमिटीका


तस्वीरः प्रतीक

सदस्य रामबहादुर थापाले किसानको विकास र समृद्धिले मात्र देश विकास सम्भव हुने बताएका छन्।

शुक्रवारदेखि चितवनमा शुरू भएको अखिल नेपाल किसान महासङ्घको संयुक्त राष्ट्रिय भेलाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि थापाले कृषिको सहकारीकरण गरेर किसानको उत्पादन र बजारीकरण व्यवस्थित गर्नुपर्ने आजको आवश्यकता रहेको बताए। उनले भूमिहीन किसानको समस्या समाधान गर्न गठन गरिएको भूमि समस्या समाधान आयोग खारेज गरेर वर्तमान बुर्जुवा सरकारले किसानहरूलाई दरिद्रतातर्फ धकेलेको आरोप लगाए।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष डा. प्रेम दङ्गालको अध्यक्षतामा भएको कार्यक्रममा अखिल नेपाल किसान महासङ्घ चितवनका इन्चार्ज शम्भु सुवेदीले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने नेकपा एमाले चितवनका अध्यक्ष पार्वती रावल, राप्ती नगरपालिकाकी प्रमुख प्रभा बराल, वाग्मती प्रदेशका पूर्व कृषिमन्त्री दावादोर्जे लामालगायतले भेलाको सफलताका लागि शुभकामना व्यक्त गरेका थिए।

भेलामा २२ विषयगत सङ्घको समूहगत छलफल हुनेछ भने कृषिमा आत्मनिर्भरता, व्यावसायिक कृषि र कृषिमा आधुनिकीकरणका सन्दर्भमा छलफल हुने बताइएको छ। साथै भेलाले किसानको समस्या र मुद्दालाई एकताबद्ध ढङ्गले उठान गरी अगाडि लगिने अखिल नेपाल किसान महासङ्घका अध्यक्ष डा. दङ्गालले बताए। भेला शनिवार समापन हुने बताइएको छ।

# सशस्त्र प्रहरीको व्यवहारले गाई–भैंसी किनबेच बन्द

प्रस, रौतहट, ८ असोज/ ईशनाथ नगरपालिकाभित्र अहिले गाई–भैंसी किनबेच बन्द भएको छ।

सशस्त्र प्रहरीले गाईभैंसी समात्न थालेपछि किनबेच बन्द भएको हो। बौधीमाई नगरपालिका–३ मटिअर्वा निवासी बहादुरमहतो कोइरीले ईशनाथ नगरपालिका–४ निवासी राजु सिंहसँग रु १ लाख १५ हजारमा भदौ २८ गते भैंसी खरीद गरी ल्याइरहेको अवस्थामा सशस्त्र प्रहरीले पक्राउ गरी भन्सार चलान गरेको कारण सो क्षेत्रमा अहिले गाई भैंसी खरीद बन्द भएको स्थानीयले बताए।

भैंसी खरीद गर्दा वडा कार्यालयको सिफारिस तथा करसमेत तिरी ल्याइरहेको अवस्थामा सशस्त्र प्रहरीले पक्राउ गरी लिलामीका लागि भन्सार बुझाउने गरेको स्थानीयले गुनासो व्यक्त गरेका छन्।

सशस्त्र प्रहरीले भारतबाट खरीद गरेको भन्दै भन्सार चलान गरी स्थानीयवासीलाई दुःख दिइरहेको भैंसी खरीदकर्ता कोइरीले आज पत्रकार सम्मेलन गरी आरोप लगाए। उनले ईशनाथ नगरपालिका–४ को सिफारिश र कर तिरेको रसिद देखाउँदा पनि नमानी सशस्त्रले भैंसी र मान्छे पक्राउ गरेको बताए।

नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा भैंसी लिलामी गर्दा सम्बन्धित व्यक्तिलाई जानकारी गराई लिलाम गर्नुपर्ने प्रावधान रहेपनि भैंसी खरीदकर्तालाई कुनै जानकारी नदिई थोरै रकममा लिलाम गरेको उनले आरोप लगाए।

यस सम्बन्धमा गौर भन्सार कार्यालयका प्रमुख सुशील शर्मासँग सम्पर्क गर्दा कार्यालय पाटीमा सूचना जारी गरी जिल्ला प्रशासन कार्यालय, रौतहटलाई जानकारी गराई लिलाम गर्ने प्रावधान अनुरूप नै लिलाम गरेको बताए

## अस्पताललाई पंखा

प्रस, पोखरिया, ८ असोज/ उपकार सेवा नेपालले जिल्ला अस्पताल पोखरियालाई नौ थान पंखा


तस्वीरः प्रतीक

सहयोग गरेको छ। उपकार सेवा नेपालकी अध्यक्ष विद्यादेवी सरावगी र सदस्य सुमन बगेरियाले पाँच थान र वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष ओमप्रकाश सिकरियाले चार थान गरी नौ थान पंखा अस्पतालका प्रशासन प्रमुख लक्ष्मीप्रसाद चौहानलाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा लोसपाका नेता नेजामुद्दिन समानी, ओमप्रकाश सर्राफलगायतको सहभागिता थियो।




# खेलकूदको संसार

## रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप शुरु हुने

प्रस, सेढवा ८ असोज/ विजयबस्ती फूटबल क्लबको आयोजनामा समाजसेवी स्व. रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप भोलि असोज ९ गते शनिवारदेखि शुरू हुन गइरहेको छ।

आयोजक क्लबले आज पत्रकार सम्मेलन गरी गोल्डकपको तयारी पूरा भएको जनायो। समाज विकासमा योगदान



तस्वीरः प्रतीक

पुऱ्याएका व्यक्तिको समाजले सम्मान गर्ने परिपाटी विकास अरूहरू पनि उत्तरदायी बन्न सक्ने भएकाले यो गोल्डकपको आयोजना गरिएको हो।

यसका साथै आउँदो दशैंको समयमा मनोरञ्जन तथा खेल विकासका लागि पनि यो गोल्डकपले टेवा पुग्ने आयोजकले जनाएको छ। खेल मैदानमा गरिएको पत्रकार सम्मेलनमा विजेता टिमलाई नगद रु २ लाख तथा ट्रफी र उपविजेतालाई नगद रु १ लाख तथा ट्रफी प्रदान गरिने आयोजक क्लबका अध्यक्ष झलक श्रेष्ठले बताए। त्यस्तै गोल्डकपमा उत्कृष्ट खेलाडीलाई नगद रु २० हजार, सर्वाधिक गोल गर्ने खेलाडीलाई चाँदीको जुत्ता र सर्वोत्कृष्ट गोलकीपरलाई नगद १० हजार पुरस्कार राखिएको अध्यक्ष श्रेष्ठले बताए।

आज सम्पन्न पत्रकार सम्मेलनमा आयोजक टिमका रामबहादुर श्रेष्ठ, लालबहादुर श्रेष्ठ, सन्तोष श्रेष्ठ, अमर निर्दोष, इप्रका ठोरीका प्रनि ब्रह्मदेव साह, प्रहरी चौकी विजयबस्तीका प्रसनि तीर्थबहादुर खत्रीलगायतको उपस्थिति थियो। ठोरी गाउँपालिका–४ विजयबस्तीको खेल मैदानमा हुने यस प्रतियोगितामा कुनै पनि टिमले चाहे जति राष्ट्रिय–अन्तर्राष्ट्रिय खेलाडी टिममा सहभागी गराउन सकिने आयोजक क्लबले जनाएको छ।

भोलि हुने उद्घाटन खेल हाम्रो फूटबल क्लब वीरगंज र राप्ती रिभर युवा क्लब मनहरीबीच हुने आयोजकले जनाएको छ। यो गोल्डकप ठोरी गाउँपालिकाका लागि पहिलो र पर्साको ग्रामीण भेगका लागि दोस्रो ठूलो धनराशिको प्रतियोगिता हो।

गोल्डकपमा १६ वटा फूटबल टिमको सहभागिता हुने बताइएको छ। पर्सा जिल्लाबाट हाम्रो फूटबल क्लब वीरगंज, वनशक्ति युवा क्लब ठोरी–२, निर्मल समाज युवा क्लब ठोरी–४, महावीर युवा क्लब गम्हरिया, वीरगंज युनाइटेड, प्रगति युवा समाज सेढवा र सुवर्ण युवा क्लब ठोरी – ५ सुवर्णपुर गरी ७ टिमको सहभागिता छ।

चितवनबाट एभरेष्ट युवा क्लब चितवन, यज्ञज्योति युवा क्लब पिप्ले चितवन, बिएफसी चितवन र वसन्तपुर युनाइटेड माडी गरी चारवटा टिम सहभागी हुने आयोजक संस्थाले जनाएको छ। मकवानपुरबाट राप्ती रिभर युवा क्लब मनहरी, हेटौंडा फूटबल एकेडमी गरी दुई, बाराबाट हिमाल युवा क्लब निजगढ, सर्लाहीबाट सर्लाही–११ र काठमाडौंबाट भक्तपुर एफसी सहभागी हुनेछन्। प्रतियोगिता सञ्चालनका लागि ठोरी गापाले पाँच लाख सहयोग गरेको छ। प्रतियोगितामा कुल १६ लाख खर्च अनुमान गरिएको र बाँकी रकम सहयोग लिएको आयोजक कमिटीले बताएको छ।

## छात्राहरूबीच कपर्दी प्रतियोगिता

प्रस, रक्सौल, ८ असोज/ पन्टोकास्थित राजकीय मध्य विद्यालयमा शुक्रवार छात्राहरूबीच कपर्दी प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा वर्ग ६ देखि ८ का छात्राहरू सहभागी थिए।

प्रतियोगितामा विजेता अनिता कुमारीको टीम विजयी भयो। यसैगरी मन्जु कुमारीको टीम उपविजेता भयो। विजेता, उपविजेतालाई शैक्षिक सामग्रीबाट पुरस्कृत गरिएको थियो। प्रधानाध्यापक प्रवीणकुमार श्रीवास्तवले छात्राहरूलाई खेलप्रति प्रोत्साहित गर्न प्रतियोगिता आयोजना गरिएको बताए।


तस्वीरः राजेश केसरीवाल

# भंसार र राजस्वले नबुझेपछि खसी फिर्ता

प्रस, वीरगंज, ८ असोज/ जिल्ला प्रहरी कार्यालय, पर्साले



तस्वीरः प्रतीक

वीरगंज–१४ गण्डकचोकबाट असोज ६ गते राति १० बजे बोलेरो गाडीबाट बरामद गरेको ५९ थान खसी वीरगंज भंसार र राजस्व अनुसन्धान पथलैया बाराले बुझ्न नमानेपछि सम्बन्धित खसी धनीलाई फिर्ता गरेको छ।

पर्सा प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले बारा जिल्लाबाट भेटनरी प्रमाणपत्र असोज ४ गतेको रहेका तर फर्मको नाउँमा बिलबिजक हुनुपर्नेमा व्यक्तिको नाममा बिलबिजक रहेको कारण बा १४ च १९९० नं को बोलेरोमा लोड ५९ थान खसी नियन्त्रणमा लिएको बताए।

उनले भंसार र राजस्वले बुझ्न नमानेपछि बोलेरो चालक पूर्णबहादुर सुनवारलाई नै खसीहरू जिम्मा लगाएर छाडिएको बताए।

## लागू औषधविरुद्ध सचेतना

प्रस, ठोरी, ८ असोज/ ठोरी गाउँपालिकामा लागू औषध



तस्वीरः प्रतीक

तथा दुर्व्यसनबारे सचेतना कार्यक्रम सम्पन्न भएको छ।

शुक्रवार ठोरी गापा–२ स्थित राईधारा परिसरमा युवा जागरण मञ्च गुम्बालाइन तथा आशिष सामाजिक सेवा नेपालको आयोजनामा सचेतना कार्यक्रम भएको हो।

कार्यक्रममा वक्ताहरूले लागू पदार्थ दुर्व्यसनीको सङ्ख्या बढ्दै गइरहेकोमा चिन्ता व्यक्त गरेका थिए। लागू पदार्थ र मादक पदार्थ सेवन गर्ने युवाहरूमा युवकको सङ्ख्या बढेको र त्यसको असर बालबालिकाहरूमा पनि परेको बताए। प्रमुख अतिथि ठोरी गापा प्रमुख पिएल श्रेष्ठले ड्रग एडिक्टहरूको शुरूआत चुरोटबाट नै हुने गरेको बताए। उनले ठोरीमा मात्रै प्रत्येक टोलमा मादक पदार्थ सेवनबाट ४/५ जनाको जीवन बर्बाद भइरहेको बताए। अध्यक्ष श्रेष्ठले यस विषयमा सबै गम्भीर हुनुपर्ने बताए। कार्यक्रममा आशिष सामाजिक सेवा नेपाल पर्साका संयोजक रोशन सुनुवारले लागू पदार्थ सेवनले युवाहरूको भविष्य नै अन्धकारमय बनाउन लागेको बताए। उनले अध्ययन र चिन्तन नहुँदा युवाहरू बरालिएर दुर्व्यसनमा फस्ने गरेको बताए।

कार्यक्रममा वडाध्यक्ष बईबहादुर तामाङ, इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव शाह, बोर्डर आउटपोस्ट ठोरीका प्रमुख सशस्त्र प्रहरी निरीक्षक शङ्करकुमार कोइराला, वडा सदस्य कान्छीमाया पाखीन, वडा सदस्य तेजबहादुर श्रेष्ठलगायतको सहभागिता थियो।